प्रभाव दैनिक
National Daily
इ-पेपरका लागि
वर्ष १३ | अंक १६९ | काठमाडौं | शुक्रबार, २३ असोज २०८३ | Prabhab National Daily | Friday, 09 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

सन्दर्भः वैदेशिक रोजगार

# साउदीमा अब कामदारले परिवार लैजान पाउने

■ प्रभाव संवाददाता



**काठमाडौं–** साउदी अरबले दक्ष कामदारले आफ्नो परिवारका सदस्य लान पाउने गरी पारिवारिक भिसासम्बन्धी नियम खुकुलो बनाएको छ। साउदीको परराष्ट्र मन्त्रालय र मानव संशाधन तथा सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा त्यहाँको गृह मन्त्रालयले यो व्यवस्था अघि बढाएको हो।

यसअघि विदेशी श्रमिकले साउदी पुगेर रोजगारसम्बन्धी प्रक्रिया पुरा गरी आवासीय अनुमति (इकमा) प्राप्त गरेपछि मात्र परिवारका सदस्यलाई लग्ने प्रक्रिया सुरु गर्नुपर्थ्यो। यसका कारण प्रक्रिया पुरा नहुँदासम्म परिवारका सदस्यबाट टाढा बस्नुपर्थ्यो। अब भने श्रमिकले आफ्नो परिवारको भिसा प्रक्रिया पनि सँगसँगै अघि बढाउन पाउने छन्।

गल्फ न्युजकाअनुसार नयाँ व्यवस्थामा उच्च दक्ष कामदारले आफ्नो श्रीमती, २५ वर्ष नपुगेका छोरा र अविवाहित छोरी साउदी लान पाउनेछन्। यो व्यवस्थाअन्तर्गत उच्च दक्ष काम अन्तर्गतका कुनकुन पेशालाई समेट्ने भन्ने स्पष्ट भने पारिएको छैन। यद्यपि इन्जिनियर, चिकित्सक, प्रविधि विज्ञलगायतका जनशक्ति यसबाट लाभान्वित हुने बुझिएको छ।

साउदीले भिजन २०३० अन्तर्गत प्रविधि, स्वास्थ्य, पूर्वाधार र अन्य क्षेत्रमा ठूलो लगानी गरेर विशिष्ठ जनशक्ति भित्र्याउने प्रयास गरिरहेको छ। यसको मुख्य उद्देश्य साउदीको परम्परागत खनिज तेलमाथिको निर्भरतालाई न्यूनीकरण गर्दै आम्दानीका अन्य स्रोत बृद्धि गरेर मुलुकको अर्थतन्त्रलाई विविधिकरण गर्नु रहेको छ। उक्त रणनीति अन्तर्गत साउदीले आफ्नो संस्कृति, अर्थतन्त्र र समाजलाई पूर्ण रूपान्तरण गर्ने योजना बनाएको छ। यसर्थ पारिवार लान पाउने व्यवस्था उच्च दक्ष जनशक्तिलाई आफ्नो मुलुकमा थप आकर्षित गने राखिएको बुझिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

# हिमालयन रि–इन्स्योरेन्स प्रकरणमा २३ करोड बिगो

## दीपक भट्टसहित २० जनाविरुद्ध मुद्दा

- दीपक भट्ट : २३ करोड ९२ लाख ५ हजार ६४ रुपैयाँ १० पैसा बिगो, साथै सम्पत्ति शुद्धीकरणमा २१ करोड १५ लाख रुपैयाँ छुट्टै बिगो।
- शेखर गोल्छासहित सञ्चालकहरुविरूद्ध २३ करोड ९२ लाख ५ हजार ६४ रुपैयाँ १० पैसा बिगो, दोब्बर जरिवाना, कैद तथा थप सजायको मागदाबी।
- रोहित गुप्ता, साहिल अग्रवाल, अमित मोर, सुभाषकुमार झुनझुनवाला, शुभेच्छा खरेल, राजिव मोर र साक्षी बंसल गोयलविरूद्ध २३ करोड ९२ लाख ५ हजार ६४ रुपैयाँ १० पैसा बिगोमा जिम्मेवार ठहर गरी सजाय माग।
- चन्द्रशेखरन राममूर्ति, उपासना पौडेल र मनिष कुमारविरूद्ध २८ करोड रुपैयाँ पेस्की र त्यसबाट भएको २३ करोड ९२ लाखभन्दा बढी फजी खर्चसम्बन्धी कसुरमा सजाय माग।



हिमालयन रि
HIMALAYAN RE

■ जेबी योञ्जन

**काठमाडौं–** हिमालयन रि-इन्स्योरेन्स लिमिटेडको कोष अपचलन तथा सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा व्यवसायी दीपक भट्टसहित २० व्यक्ति तथा संस्थाविरुद्ध मुद्दा दायर भएको छ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले बिहीबार काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर गरेको हो। मुद्दामा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष तथा हिमालयन रिका तत्कालीन अध्यक्ष शेखर गोल्छा, नेपाल बीमा प्राधिकरणका तत्कालीन अध्यक्ष सूर्यप्रसाद सिलवाल र हिमालयन रिका तत्कालीन सीईओ उपासना पौडेलसहितलाई प्रतिवादी बनाइएको छ।

अभियोगपत्रमा प्रतिवादीहरूबाट २३ करोड ९२ लाख ५ हजार ६४ रूपैयाँ १० पैसा बिगो कायम गरिएको छ। उक्त रकम असुल, सोही बराबरको दोब्बर जरिवाना, कैद तथा सम्पत्ति जफतको मागदाबी गरिएको छ। सरकारी वकिलले भट्टविरुद्ध बीमा ऐन, २०७९ को दफा १४० (१) (छ) अनुसार कम्पनीलाई हानिनोक्सानी पुऱ्याएको आरोप लगाएको छ। सो कसुरमा २३ करोड ९२ लाख ५ हजार ६४ रूपैयाँ १० पैसा बिगो कायम गरिएको छ।

भट्टमाथि अपराधबाट व्यक्तिगत रूपमा लाभ लिएको रकमलाई सेयर तथा अन्य कारोबारमा प्रयोग गरी सम्पत्ति शुद्धीकरण गरेको अर्को आरोप छ। यसमा २१ करोड १५ लाख रूपैयाँ छुट्टै बिगो कायम गरिएको छ। अभियोगपत्रमा उक्त रकमलाई सेयर तथा अन्य कारोबारमा रूपान्तरण गरी वैध बनाउने प्रयास गरिएको उल्लेख छ।

सरकारी वकिलका अनुसार भट्टको एकल स्वामित्व रहेको इन्फिनिटी होल्डिङ्समार्फत हिमालयन रिमा मुख्य सेयर हिस्सा थियो। उनले आफ्नी सासू अन्जना नेपालको नाममा एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रालि स्थापना गरेको र सोही कम्पनीमार्फत हिमालयन रिको रकम अपचलन गर्ने योजना बनाएको अभियोगपत्रमा उल्लेख छ।

⏭ क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

## हिमालयन रि-इन्स्योरेन्स...

हिमालयन रिले एलियन्टलाई प्राविधिक तथा लजिस्टिक सपोर्टका नाममा विभिन्न मितिमा २८ करोड रूपैयाँ पेस्की दिएको अनुसन्धानबाट खुलेको सरकारी पक्षको दाबी छ। त्यसमध्ये ४ करोड रूपैयाँ फिर्ता भएको देखाइएको थियो। बाँकी रकममध्ये २३ करोड ९२ लाख ५ हजार ६४ रूपैयाँ १० पैसा फछ्र्यौट गर्न नक्कली कागजात तयार गरिएको अभियोगपत्रमा उल्लेख छ।

हिमालयन रिले नेपालका २० जीवन बीमा कम्पनीको पुनर्बीमा व्यवसाय एलियन्टमार्फत आएको भन्दै रकमलाई ब्रोकर कमिसन खर्चका रूपमा लेखांकन गरेको थियो। तर, अनुसन्धानका क्रममा नेपाल लाइफ, एसियन लाइफ, सिटिजन लाइफ, आईएमई लाइफलगायत २० वटै जीवन बीमा कम्पनीका प्रमुखहरूले आफूहरूले एलियन्टलाई ब्रोकरका रूपमा प्रयोग नगरेको र कुनै सम्झौता नभएको लिखित बयान दिएको सरकारी वकिलको दाबी छ।

अभियोगपत्रअनुसार त्यसपछि रकमलाई विभिन्न चरणबाट वैध देखाउने प्रयास गरिएको थियो। एलियन्टले रकमलाई आम्दानीका रूपमा देखाएर कर तिरेको र त्यसपछि अन्जना नेपाललाई लाभांशका रूपमा वितरण गरेको पाइएको सरकारी पक्षको दाबी छ।

अन्जना नेपालको महालक्ष्मी विकास बैंक खाताबाट भट्टकी पत्नी आयुष्मा नेपाल भट्टको सिद्धार्थ बैंक खातामा २१ करोड १५ लाख रूपैयाँ पठाइएको र त्यहाँबाट उक्त रकम भट्टको व्यक्तिगत खातामा सारिएको अभियोगपत्रमा उल्लेख छ।

भट्टले उक्त रकमबाट बैंकिङ ऋण तथा अन्य दायित्व तिर्न शंकरलाल अग्रवाल, साहिल अग्रवाल र जगदम्बा स्टिलको खातामा भुक्तानी गरेको सरकारी पक्षको दाबी छ। यसरी रकमलाई वित्तीय प्रणालीमा मिसाएर वैध देखाउने प्रयास गरिएको अभियोगपत्रमा उल्लेख छ।

भट्टले भने आरोप अस्वीकार गरेका छन्। 'एलियन्टस् इन्स्युरेन्स बोकर्स प्रालिमा म लगानीकर्ताको रूपमा रहेको छैन। त्यसकारणले यस कम्पनीले हिमालयन रिइन्स्योरेन्स कम्पनीसँग कारोबार गरेको सम्बन्धमा सो कम्पनीले नै जान्ने कुरो हो,' उनले बयानमा भनेका छन्, 'मैले मेरो श्रीमती आयुष्मा भट्ट नेपालको खाताबाट प्रापत गरेको हो। उक्त रकम श्रीमतीको आमाले छोरीलाई दिएको हो।'

उनले लाभाशां वापतको रकम प्राप्त गर्दा सम्पत्ति शुद्धीकरण गरेको भन्न नमिल्ने पनि तर्क गरेका छन्। '...लाभांशाबाट प्राप्त रकम मेरो खातामा प्राप्त गर्दैमा मैले सम्पत्ति शुद्धीकरणको कसुर गरेको भन्न मिल्दैन,' आरोपपत्रमा उल्लेख छ।

यसैगरी, हिमालयन रिका तत्कालीन अध्यक्ष गोल्छासहित सञ्चालक समिति सदस्यहरू रोहित गुप्ता, साहिल अग्रवाल, अमित मोर, सुभाष कुमार झुनझुनवाला, शुभेच्छा खरेल, राजिव मोर र साक्षी बंसल गोयलमाथि फर्जी कारोबारलाई बोर्ड बैठकबाट अनुमोदन गरी अपराध ढाकछोप गरेको आरोप लगाइएको छ।

उनीहरूले हुँदै नभएको ब्रोकर खर्चलाई वित्तीय विवरणमा समावेश गरी कोषको रकम दुरूपयोग गर्न स्वीकृति दिएको सरकारी वकिलको दाबी छ। वित्तीय संस्थाका जिम्मेवार पदाधिकारी भएकाले उनीहरूलाई सम्पत्ति शुद्धीकरण निवारण ऐनको दफा ३० (७) अनुसार थप सजाय हुनुपर्ने माग गरिएको छ।

हिमालयन रिका तत्कालीन सीईओ चन्द्रशेखरन रामामूर्ति, तत्कालीन सीईओ उपासना पौडेल र कार्यकारी निर्देशक मनिष कुमारमाथि पनि आधार र कामविना एलियन्टलाई २८ करोड रूपैयाँ पेस्की दिएको तथा २३ करोड ९२ लाखभन्दा बढी फर्जी खर्च लेखांकन गरी रकम अपचलन गरेको आरोप छ।

नेपाल बीमा प्राधिकरणका तत्कालीन अध्यक्ष सिलवालमाथि पुनर्बीमा दलाल निर्देशिका, २०७८ विपरीत एलियन्टलाई ब्रोकरको इजाजत दिएको आरोप लगाइएको छ। सरकारी वकिलले उनीविरुद्ध २ करोड ४० लाख रूपैयाँ बिगो कायम गरी कैद तथा जरिवानाको मागदाबी गरेको छ।

■■■

## साउदीमा अब...

साथै यस्ता जनशक्तिलाई साउदीमा लामो समयसम्म टिकाइराख्न पनि यो व्यवस्था प्रभावकारी हुने बुझिएको छ। यद्यपि प्रवेश भिसा पाउनासाथ परिवारका सदस्यले स्थायी आवासीय अधिकार भने पाउनेछैनन्। साउदी पुगेपछि उनीहरूले आवासीय हैसियतका लागि स्वास्थ्य परिक्षण, प्रशासनिक तथा कानुनी प्रक्रिया लगायतका मापदण्ड पुरा गर्नुपर्ने छ।

साउदी नेपालीको प्रमुख रोजगार गन्तव्य हो। प्रत्येक वर्ष एक लाखभन्दा बढी नेपालीहरू श्रम स्वीकृति लिएर रोजगारीको खोजीमा उक्त मुलुक जाने गरेका छन्। हाल साउदीमा चार लाख नेपालीहरू कार्यरत रहेको तथ्याङ्क छ। जसमा ठूलो हिस्सा अदक्ष र अर्धदक्ष श्रमिकको रहेको छ। सीपयुक्त श्रमिकको संख्या पनि उल्लेखनीय भएपनि यो व्यवस्था उच्च दक्ष जनशक्ति लक्षित भएकाले यसको प्रत्यक्ष फाइदा भने सीमित नेपालीलाई मात्र हुने देखिएको छ।

हाल नेपालबाट रोजगारीमा जाने श्रमिकको संख्यामा निरन्तर बृद्धि भएको पाइन्छ। पछिल्लो समय सीपयुक्त भएर जानेको संख्यामा केही सुधार देखिएपनि अदक्ष र अर्धदक्ष श्रमिकको संख्या नै बढी रहेको छ। प्रत्येक वर्ष लाखौं श्रमिक रोजगारीमा जाँदा केही सय व्यक्तिमात्र उच्च दक्ष श्रमिकका रूपमा जाने गरेका छन्। गन्तव्य मुलुकको आफ्नो आवश्यकताअनुसार आप्रवासन नीतिहरू परिवर्तन गर्दै जाँदा नेपालबाट जाने श्रमिकको सीप विकास र पेशागत स्तरोन्नतिको आवश्यकता महत्वपूर्ण बन्न थालेको छ।


**बोल पत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथमपटक प्रकाशित २०८३/०६/२३**

श्री लालीगुराँस सा.व.उ.स, कनपा-१ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान १०७ को १०२१.३८ क्यू.फिट गोलिया साल जातको काठ र साल दाउरा ०.५० चट्टा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री लालीगुराँस सा.व.उ.स,कनपा-१, सिन्धुली**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना**

यस कार्यालयमा मिति २०७०।१०।२७ मा दर्ता भएको प्रा.लि.नं. ११९५६० को **वि.एन.सन ट्रेडिङ्ग ईष्टाब्लीशमेन्ट प्रा.लि.** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी स्वेच्छिक खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१०/२३ मा दर्ता भएको यस **ऐना मल्टिमिडिया एण्ड रिसर्च सेन्टर प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २८३१६३) कम्पनी यस कार्यालयको मिति २०८३/०४/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **स्वेच्छिक खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२३ गते**

यस कम्पनीको मिति २०७९/०५/१० मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **ग्लाइडर कन्सलटेन्सी प्रा.लि.**को नाम परिवर्तन गरी **ग्लाइड हेल्थकेयर कन्सल्टिङ्ग प्रा.लि. (दर्ता नम्बर २८१४३८)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०६/०२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०४/०८ मा दर्ता भएको **प्रा.लि. नं. १२४६६२/०७१/०७२** को **प्रतिक्षा मिडिया एण्ड रिसर्च प्रा. लि.** को मिति २०८३/०६/२२ गतेमा सम्पन्न एकल शेयर धनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०६४/०९/०६ मा दर्ता भएको **बाबा बासुकि स्टक एण्ड इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड (प्रा. लि. नं. ४९५७१)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयको मिति २०५५/१०/१२ मा दर्ता भएको **प्रा. लि. नं. ९८५९** को **के.एन. कन्ट्रक्सन सर्भिस प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।


## कांग्रेस नयाँ कार्यसमिति चयनका लागि आज मतदान

**काठमाडौं-** नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि हुने मतदान आज बिहान सुरु हुने भएको छ। खराब मौसम र प्राविधिक कारण देखाउँदै मतदान आजका लागि सारिएको निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले बताए।

कटुवालले उम्मेदवार र मतदाता धेरै भएका कारण मतपत्र छपाइमा ढिलाइ भएकाले शुक्रबार बिहान ७:०० देखि दिउँसो ३:०० बजेसम्म मतदान हुने बताए। निर्वाचन समिति संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले आवश्यक तयारी सबै सकिएको तर साँझमा मतदान सुरु गर्दा रातभर मतदातालाई अप्ठेरो पर्ने भएकाले त्यसलाई मध्यनजर गर्दै शुक्रबार बिहानका लागि सारिएको बताए। मतपत्र धेरै भएकाले आफूसँगै ३२ जना वरिष्ठ अधिवक्ताले मतपत्रमा हस्ताक्षर गरिरहेको बताए।

निर्वाचन समितिले महाधिवेशन प्रतिनिधिको सहजताका लागि विभिन्न मतदान केन्द्र तोकेको छ। प्रतिनिधिहरूले आफूलाई तोकिएको प्रदेश तथा समूहअनुसार सम्बन्धित मतदान केन्द्रमा पुगेर मतदान गर्नुपर्नेछ।

राष्ट्रिय सभा गृह, मतदान केन्द्र 'क' मा बागमती प्रदेशको मतदान हुनेछ। खुलामञ्च, मतदान केन्द्र 'ख' मा कोशी, मधेस, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका साथै नेपाली जनसम्पर्क समितिको मतदानको व्यवस्था गरिएको छ। निर्वाचन समितिका अनुसार महाधिवेशनमा सहभागी सात हजार २५५ जना महाधिवेशन प्रतिनिधिले नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि मतदान गर्नेछन्।

निर्वाचन समितिले मतदानस्थलमा प्रवेश गरेपछि प्रतिनिधिहरूलाई आफूलाई तोकिएको प्रदेश तथा समूहको मतदान केन्द्रमा गई मतदान गर्न आग्रह गरेको छ। मतदान गर्नुअघि प्रत्येक प्रतिनिधिको परिचयपत्र तथा मतदाता नामावली रुजु गरिनेछ। रुजु प्रक्रिया पूरा भएपछि मात्रै प्रतिनिधिलाई मतदान गर्ने व्यवस्था गरिएको छ।

यसैगरी कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि उम्मेदवारी दर्ता, दाबी-विरोध तथा उम्मेदवारी फिर्ताको प्रक्रिया पूरा भइसकेको सदस्यसचिव कटुवालले जानकारी दिए। उक्त प्रक्रिया सम्पन्न भएपछि निर्वाचन समितिले उम्मेदवारहरूको अन्तिम नामावलीसमेत सार्वजनिक गरिसकेको छ। अब मतदानमार्फत सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री तथा विभिन्न समूहका केन्द्रीय सदस्य निर्वाचित हुनेछन्।

मतदान सकिएपछि मतपेटिका सुरक्षित रूपमा व्यवस्थापन गरी आवश्यक प्रक्रिया पूरा गरेर मतगणना अघि बढाइनेछ। मतगणना सम्पन्न भएपछि निर्वाचन परिणाम सार्वजनिक गरिने निर्वाचन समितिले जनाएको छ। त्यससँगै कांग्रेसको १५औँ महाधिवेशनबाट नयाँ केन्द्रीय नेतृत्व चयन हुनेछ।

पार्टीको १५औँ महाधिवेशनले विधान संशोधन गर्दै नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति २९७ सदस्यीय बनाएको छ। नयाँ संरचनाअनुसार निर्वाचित हुने पदाधिकारी तथा केन्द्रीय सदस्यले आगामी कार्यकालका लागि पार्टीको नेतृत्व सम्हाल्नेछन्।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दास्रो पटक प्रकाशित मिति : २०८३/०६/२३ गते**

यस कम्पनीको मिति २०८३/०६/१० मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **डिमाण्ड इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि.**को नाम परिवर्तन गरी **डिमाण्ड इन्जिनियरिंग कन्स्ट्रक्सन एण्ड कन्सल्टिङ प्रा.लि. (दर्ता नम्बर १५४३२८)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०९/०२ मा दर्ता भएको श्री **सिध्देश्वर नाथ कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि. नं. १८००२६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२३ गते**

यस कम्पनीको मिति २०८३/०६/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **एड.फर्मेशन प्रा.लि.**को नाम परिवर्तन गरी **इन्फ्लुएन्सर क्लब प्रा.लि. (दर्ता नम्बर ११४५८५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**फेवा ग्रुप अफ हस्पिटालिटी प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/१०/२० गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **फेवा ग्रुप अफ हस्पिटालिटी प्रा.लि. (प्रा.लि.न. २०७९४३)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/२० गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर : शेर बहादुर रोकाया**
**ईजाजत न: २८७, मो.नं. ९८५११६३७२३**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शुक्रबार, २३ असोज, २०८३**

| | |
|---|---|
| **मेष** | काममा उत्साह बढ्नेछ। आर्थिक पक्षमा सुधारको संकेत छ। |
| **वृष** | रोकिएका काम अघि बढ्नेछन्। परिवारबाट राम्रो सहयोग मिल्नेछ। |
| **मिथुन** | नयाँ अवसर प्राप्त हुन सक्छ। बोलीमा संयम अपनाउनुहोस्। |
| **कर्कट** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। खर्चमा ध्यान दिनुहोला। |
| **सिंह** | आत्मविश्वास बढ्नेछ। नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। |
| **कन्या** | काममा सफलता मिल्नेछ। स्वास्थ्य र आराममा ध्यान दिनुहोस्। |
| **तुला** | साथीभाइबाट सहयोग मिल्नेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस्। |
| **वृश्चिक** | महत्त्वपूर्ण काम पूरा हुने दिन छ। पारिवारिक सम्बन्ध सुमधुर रहनेछ। |
| **धनु** | नयाँ योजना बनाउन अनुकूल समय छ। यात्राबाट लाभ मिल्न सक्छ। |
| **मकर** | कामको दबाब बढ्न सक्छ। धैर्य र संयमले समस्या समाधान हुनेछ। |
| **कुम्भ** | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ। आम्दानीका स्रोत बढ्ने संकेत छ। |
| **मीन** | मनमा उत्साह बढ्नेछ। रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२३ असोज, २०८३ (०९ अक्टुबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५४.५५ | १५५.१५ |
| युरो | १ | १७३.०२ | १७३.६९ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.४२ | २०५.२१ |
| स्विस फ्रैन्क | १ | १८५.५० | १८६.२२ |
| अस्ट्रेलियन डलर | १ | १०७.६८ | १०८.१० |
| क्यानाडियन डलर | १ | १०८.६७ | १०९.०९ |
| सिङ्गापुर डलर | १ | १२०.७६ | १२१.२३ |
| जापानी येन | १० | ९.७६ | ९.८० |
| चिनियाँ युआन | १ | २३.०५ | २३.१४ |
| साउदी अरब रियाल | १ | ४१.१७ | ४१.३३ |
| कतारी रियाल | १ | ४२.४० | ४२.५६ |
| थाई भाट | १ | ४.५९ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४२.०८ | ४२.२४ |
| मलेसियन रिङेट | १ | ३७.८१ | ३७.९५ |
| दक्षिण कोरियन वन | १०० | ११.५५ | ११.६० |
| स्विडिस क्रोनर | १ | १५.४० | १५.४६ |
| डेनिस क्रोनर | १ | २३.१५ | २३.२४ |
| हङकङ डलर | १ | १९.६९ | १९.७७ |
| कुवेती दिनार | १ | ५०१.५४ | ५०३.४९ |
| बहराइन दिनार | १ | ४०९.९२ | ४११.५१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# सरकार गठन भएको ५५ दिनसम्म पनि बजेट नल्याएकामा कांग्रेसको आपत्ति

**सुदूरपश्चिम–** नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलले सरकार गठन भएको ५५ दिनसम्म पनि बजेट ल्याउन नसकेको भन्दै आपत्ति जनाएको छ । संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री कमलबहादुर शाहले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै प्रदेश सरकार गठन भएको करिब ५५ दिन पूरा भइसक्दा पनि प्रदेश बजेट शून्यताको अवस्थामा रहनु गम्भीर र चिन्ताजनक विषय भएको बताए ।

बजेट शून्यताका कारण प्रदेश सरकारका नियमित गतिविधि, विकास निर्माणका काम, अत्यावश्यक सेवा तथा कर्मचारीको तलबभत्ता वितरणमासमेत समस्या देखिएको छ । कांग्रेसले प्रदेशलाई बजेट शून्यताको अवस्थाबाट तत्काल मुक्त गर्न पटक-पटक संवाद गर्दै आएको छ । संसदीय दलको असोज ६ गतेको बैठकलेसमेत असोज १५ गतेभित्र बजेट ल्याउन सरकारलाई आग्रह गरेको थियो,' विज्ञप्तिमा भनिएको छ, 'असोज २० गतेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा असोज २१ गते बजेट प्रस्तुत गर्ने निर्णय गरे पनि आफ्नै निर्णयअनुसार सरकारले बजेट प्रस्तुत गर्न सकेन । यसले सरकारको बजेट तयारी र निर्णय कार्यान्वयनमा असफलता देखिएको छ ।'

प्रदेश सरकारको बजेटसम्बन्धी विषयमा सर्वोच्च अदालतले यही असोज २३ गते दुवैपक्षसँग छलफलको पेसी तोकेकाले अदालतबाट स्पष्ट आदेश नआएसम्म बजेटसम्बन्धी प्रक्रिया अगाडि नबढाउन उपयुक्त नहुने कांग्रेसको ठहर छ । प्रदेशसभाको बैठक सञ्चालनमा रहेको अवस्थामा सदनलाई छलेर अध्यादेशमार्फत बजेट ल्याउने तयारीबारे पनि चर्चा भइरहेको भन्दै यसमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको संसदीय दलका नेता शाहले बताए । उनले प्रदेशसभाको संवैधानिक अधिकार र प्रक्रियालाई छलेर अध्यादेशको बाटो रोज्नु लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्मविपरीत हुनेबारे सचेत रहन आग्रह गरे । *रासस*

# इच्छाकामना आधारभूत अस्पतालको सेवा नयाँ भवनबाट

**चितवन** (**प्रस**)- इच्छाकामना आधारभूत अस्पतालले नवनिर्मित भवनबाट स्वास्थ्य सेवा सुरुआत गरेको छ । इच्छाकामना गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङका अनुसार संघीय सरकारको १४ करोड ५० लाख रूपैयाँ लागतमा निर्मित भवनमा १५ शयचा छ ।

यसअघि गाउँपालिका कार्यालय परिसरमा रहेको पुरानो भवनबाट अस्पताल सञ्चालन हुँदै आएको थियो । यस अस्पतालमा पृथ्वी राजमार्ग र नारायणगढ-मुग्लिन सडक खण्डमा भएका सवारी दुर्घटनाका बिरामीसमेत आउने गर्दछन् । गाउँपालिकाका अतिरिक्त छिमेकी पालिकाबाटसमेत यहाँ बिरामी आउने गरेको उनले जानकारी दिए ।

अस्पतालका मेडिकल अधिकृत डा. अभिषेक लिम्बूले नवनिर्मित भवनबाट अस्पतालका उपलब्ध स्वास्थ्य सेवा नियमितरूपमा सञ्चालन हुने बताए । नयाँ भवनमा सेवा सञ्चालनसँगै सेवाग्राहीलाई पहिलेभन्दा सहजरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सकिने छ । अस्पतालबाट प्रदान हुँदै आएको बहिरंग सेवा (ओपिडी), आकस्मिक सेवा (इमर्जेन्सी), प्रयोगशाला, एक्स-रेलगायतका स्वास्थ्य सेवासम्बन्धी सेवा अब नवनिर्मित भवनबाट सञ्चालन हुने उनको भनाइ छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०८/०५ मा दर्ता भएको यस **श्री कोमल देवी एण्ड सन्स प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २०२७५८) कम्पनी यस कार्यालयको मिति २०८३/०३/३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड
### गैडाकोट, नवलपरासीको

## वार्षिक साधारण सभा बस्ने सूचना

श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेडको मिति २०८३।०६।०२ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०८१।०८२ र २०८२।०८३ को एकतिसौं र बत्तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(१) वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

क. मिति : २०८३।०६।२९ गते (तदनुसार १५ अक्टोबर २०२६)
ख. समय : अपरान्ह ४.०० बजे
ग. स्थान : अर्पण ब्यांकेट, नयाँ बानेश्वर, काठमाण्डौ

**(२) वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत हुने प्रस्तावहरुः**

१. संचालक समितिले तयार गरेको आ.व.२०८१।०८२ र आ.व.२०८२।०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको लेखा परीक्षण गरिएको आ.व.२०८१।०८२ र आ.व.२०८२।०८३ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व.२०८१।०८२ र आ.व.२०८२।०८३ को दफा ७८ सम्बन्धमा ।
४. लेखा परिक्षण समितिको सिफारिसमा आ.व.२०८३।८४ का लागि लेखा परीक्षक नियुक्तिको सिफारिस गर्ने बारे ।
५. संचालक समितिले गरेका काम कारवाहीहरुको अनुमोदन गर्ने ।
६. संचालक समिति सम्बन्धमा ।
७. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

नोटः साधारण सभा सम्बन्धि जानकारी तथा कम्पनीको संक्षिप्त वार्षिक विवरण कम्पनीको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लिमिटेडको वेवसाईट www.sunrisecapital.com.np बाट प्राप्त गर्न सकिनेछ ।

---


## युएइमा रोजगार

कम्पनी : **GHORI TRADING LLC**

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२२ | LT. No. 344110 | चलानी नं. ६०२५७४१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Sales Promoters | 0 | 4 | 1500 | ६३,१५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Tel: 01-411082, 9808865846, 9843757032, Email: career.ganapati@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९


---


## जापानमा रोजगार

कम्पनी : **Futago Cooperative Society**

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 345550 | चलानी नं. ६०२६२३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning & Refrigeration Technician | 3 | 0 | 191520 | १,८७,४३९ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : **Futago Cooperative Society**

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 345554 | चलानी नं. ६०२६२३२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Products Manufacturing Worker | 3 | 0 | 197600 | १,९३,३९० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : **Futago Cooperative Society**

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ | LT. No. 336830 | चलानी नं. ६०२६२३२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 186680 | १,८२,७०२ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
  १. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
  २. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
  ३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

- **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MEIHOKU OVERSEAS PVT.LTD.** (Allied International Manpower Pvt.ltd.)
श्रम ई.नं. १६१९/०७९/८०
Kumaripati-19, Lalitpur, Nepal, Tel: +977-1-5407555, 9800986222 Manjil Shrestha, +977 984-3992726- Avinash Bhandari Email: alliedintl1619@gmail.com


---

## सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### डाईनियाँ, मोरङ
### कोशी प्रदेश, नेपाल

## आ.व. २०८३/०८४ को लागि नदिजन्य पदार्थ (भरौट) उत्खनन् संकलन तथा बिक्री कर उठाउने सम्बन्धी (बढाबढ) सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना प्रकाशन मितिः २०८३/०६/२३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (घ) को (६) र दफा ६२ (क), कोशी प्रदेशको आर्थिक ऐन २०८३, को दफा (७) को उपदफा (१) र (७), सुनवषी नगरपलिकाको आर्थिक ऐन २)८घ, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही सुनवर्षी नगरपलिका, मोरङ्को क्षेत्राधिकार भित्र पर्ने सुनवर्षी नगरपाललकाको वडा नं. ६ र ३ भएर बग्ने बक्राहा खोलाको स्वीकृत घाट र नाकाहरूबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानुनी प्रक्रिया पूरा गरेका योग्य फर्म/कम्पनीहरूले सिलबन्दी दरभाउपत्र खरिद गरि दोस्रो पटक प्रकाशित सूचनाको मितिले ७ दिनभित्र हार्ड कपि मार्फत यस कार्यालयमा पेश गर्नहुन सार्वजनिक सूचना आह्वान गरिन्छ । अन्य थप जानकारीका लागि कार्यालयको वेबसाईट www.sunawarshimun.gov.np मार्फत अध्ययन गर्न सकिनेछ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | सिलबन्दी दरभाउपत्रको नाम | भरौट उत्खनन् परिमाण (घ. मि.) | न्यूनतम सिलबन्दी दरभाउपत्र रकम रु. (मु.अ.कर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउपत्र फारम शुल्क रु. |
|---|---|---|---|---|---|---|
| १. | SUNMUN/SQ/RIVER/083/084-01 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 2,3 | १४००० (बावनाडोभ उत्खनन् क्षेत्र) | १९,७६,१०२.९१/- | कबोल अंकको ५% (मुअ. कर बाहेक) | १,०००/- |
| २. | SUNMUN/SQ/RIVER/083/084-02 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 7 | १०००० (चैता मल्दैया घाट उत्खनन् क्षेत्र) | १४,११,५०२.०८/- | कबोल अंकको ५% (मुअ. कर बाहेक) | १,०००/- |
| २. | SUNMUN/SQ/RIVER/083/084-03 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 6 | ८००० (टुपिया खाँडी उत्खनन् क्षेत्र) | ११,२९,२०१.६६/- | कबोल अंकको ५% (मुअ. कर बाहेक) | १,०००/- |

**शर्तहरूः**

- ⇨ सिलबन्दी दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले ७औं दिन (मिति २०८३/०६/२९ गते) सम्म १७:०० बजेभित्र यस न।पा।को खाता नं (Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138) मा रू. १०००/- (फर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर निवेदन साथ पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
- ⇨ कबोल गरेको अंक (मुअ.कर समेत) को ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम हिमालयन बैंकमा रहेको यस न. पा. को धरौटी खाता नं (SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No: (26856389230178) मा जम्मा गरी सो को सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा सिलबन्दी दरभाउपत्र नं. र नाम उल्लेख गरी सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम म्याद देखि ७५ (पचहत्तर) दिनको म्याद सहित जारी गरिएको बिड सेक्युरिटिरबण्ड पेश गर्नुपर्नेछ।
- ⇨ सिलबन्दी दरभाउपत्रदाताले यस न.पा. बाट सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गरी पेश गर्ने सम्पूर्ण कागजातहरु प्रत्येक पानामा सहीछाप तथा प्रमाणित गरी सूचना प्रकाशन भएको मितिले ८औं (मिति २०८३/०६/३० गते) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेशगर्नु पर्नेछ । सोही दिनको २:०० बजे प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

---

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना २३ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय धरानबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **हाम्रो मिट माट** | प्रोप्राइटरको नाम : बिर्सना आङवुहाङ | प्रा.फ.र.नं. : १००२७/०७८/०७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरी | दर्ता मिति : २०७८/०४/२०
फर्मको ठेगाना : सुनसरी जिल्ला धरान उप.म.न.पा. वडा नं. १७ | स्थायी लेखा नं. : ६१५९८४५८८

**प्रोप्राइटरको विवरण**

वालकुमार पाङमाको बुहारी शुभास सम्सेर पाङमाको पत्नी सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १० हाल, वडा नं. ८ बस्ने **विर्सना आङवुहाङ** (ना.प्र.नं. : ०६-०२-७५-०१९९० जारी मिति र जिल्ला : २०७५/०६/१७, सुनसरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

भगिश्वर पाङमाको नाति वालकुमार पाङमाको छोरा ताप्लेजुङ जिल्ला साँघु वडा नं. ८ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ८ बस्ने **शुभास सम्सेर पाङमा** (ना.प्र.नं. : ५०३९९/७१७० जारी मिति र जिल्ला : २०५९/०५/१३, ताप्लेज्ङ्ग)

**२) कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **चुरियामाई ग्रुप अफ कम्पनी प्रा.ली.** | अख्तियार प्राप्त व्यक्ति : शुभास सम्सेर पाङमा
दर्ता नं. : २४०५४१/०७७/०७८ दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७७/०४/२८
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. २८ | स्थायी लेखा नं. : ६०९७८३१५७

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

भगिश्वर पाङमाको नाति वालकुमार पाङमाको छोरा ताप्लेजुङ जिल्ला साँघु वडा नं. ८ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ८ बस्ने **शुभास सम्सेर पाङमा** (ना.प्र.नं. : ५०३९९/७१७० जारी मिति र जिल्ला : २०५९/०५/१३, ताप्लेज्ङ्ग)

**३) कर्जा शीर्षक : आवास कर्जा**

**ऋणीको विवरण**

भगिश्वर पाङमाको नाति वालकुमार पाङमाको छोरा ताप्लेजुङ जिल्ला साँघु वडा नं. ८ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ८ बस्ने **शुभास सम्सेर पाङमा** (ना.प्र.नं. : ५०३९९/७१७० जारी मिति र जिल्ला : २०५९/०५/१३, ताप्लेज्ङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

वालकुमार पाङमाको बुहारी शुभास सम्सेर पाङमाको पत्नी सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १० हाल, वडा नं. ८ बस्ने **विर्सना आङवुहाङ** (ना.प्र.नं. : ०६-०२-७५-०१९९० जारी मिति र जिल्ला : २०७५/०६/१७, सुनसरी)

**४) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

वालकुमार पाङमाको बुहारी शुभास सम्सेर पाङमाको पत्नी सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १० हाल, वडा नं. ८ बस्ने **विर्सना आङवुहाङ** (ना.प्र.नं. : ०६-०२-७५-०१९९० जारी मिति र जिल्ला : २०७५/०६/१७, सुनसरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

नन्द विक्रम लिम्बुको नाति योग विक्रम लिम्बुको छोरा तेह्रथुम जिल्ला साब्ला वडा नं. ९ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १५ बस्ने **विवेक विक्रम लिम्बु** (ना.प्र.नं. : ०८१००२/१३६५९ जारी मिति र जिल्ला : २०७०/०१/२०, तेह्रथुम))

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
मिति २०८३ साल साउन महिना १४ गतेको हिमालय राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| विर्सना आङवुहाङ | सुनसरी जिल्ला महेन्द्रनगर वडा नं. ४ | ४क | १८७० | ३५५.५७ |
| | | | १८६७ | ६६०.३५ |
| | | | १८६९ | ३४७.११ |
| शुभास सम्सेर पाङमा | सुनसरी जिल्ला महेन्द्रनगर वडा नं. ३ | ३च | ९० | ३३८५.८३ |
| | | | २३५ | १३५४.३३ |
| शुभास सम्सेर पाङमा | झापा जिल्ला गरामनी वडा नं. २ | | ३३६ | ९५०.०० |
| | | | ३३७ | ६७७.२६ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल कार्तिक महिना १२ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय धरान आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल कार्तिक महिना १३ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय धरानमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# डिजिटल नारा बोकेको कांग्रेस फिजिकलमा रम्दै

**नेपाली कांग्रेसले १५औं महाधिवेशनलाई प्रविधिमैत्री बनाउँदै 'डिजिटल' बनाउने बतायो । तर उम्मेदवारको प्रचार शैली पुरानै देखियो । भृकुटीमण्डप, राष्ट्रिय सभा गृह र खुल्लामञ्च वरपर उम्मेदवारका प्रचार सामग्री छरपस्ट देख्दा कांग्रेस नारामामात्र डिजिटल देखिएको छ । मतदानमा नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीले विद्युतीय मतदान प्रयोग गरिसक्यो । तर डिजिटल्ली रूपान्तर हुने भनिएको पार्टी कांग्रेस अझै पनि विद्युतीय मतदानमा जान डराइरहेको छ । २९७ सदस्यीय कार्यसमितिका लागि २२० भन्दा बढी पदमा निर्वाचन हुन गइरहेको छ । यसका लागि कांग्रेसले २७ डिजाइनका २ लाखभन्दा बढी मतपत्र बनाउनुपर्ने भएको छ ।**

**मतपत्रमा मत दिन उत्तिकै झन्झटिलो हुन्छ । चुनावी शिक्षा नदिएकोले ७ हजार महाधिवेशन प्रतिनिधि यसमा अलमलिने पक्का छ । अझ २ लाख मतपत्र गन्न कति समय लाग्ला ? अहिलेको मुख्य प्रश्न यही बनेको छ । यसले गर्दा पनि कांग्रेसले तोकेको समयमा मतदान सम्पन्न गराउन सकेन । पटक–पटक मिति र समय सार्दै महाधिवेशनलाई अन्योलको चक्रव्यूहमा धकेल्ने यो प्रवृत्ति केवल एउटा प्राविधिक असफलता मात्र होइनह यो त देशकै सबैभन्दा पुरानो र लोकतान्त्रिक दाबी गर्ने दलको व्यवस्थापकीय लाचारी र राजनीतिक इच्छाशक्तिको अभावको नमुना हो । २१ औं शताब्दीमा आफ्ना कार्यकर्ता र आम नागरिकलाई प्रविधिको प्रयोगबाट सहजता दिने कुरा नारामा सीमित हुनु दुर्भाग्यपूर्ण छ ।**

**सरकारी कार्यालयहरू डिजिटल प्रविधिमा गइसक्यो । कर तिर्ने प्रणाली डिजिटल प्रविधिमा गइसक्यो । तर कांग्रेस यो प्रविधिसँग डराएको छ । पुरानै झन्झटिलो कागजी प्रक्रियामा फर्किनुले पार्टी नेतृत्वको दूरदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ । यदि एउटा राजनीतिक दलले आफ्नो आन्तरिक चुनाव पारदर्शी, प्रविधिमैत्री र समयसीमाभित्र गराउन सक्दैन भने, उसले देश सञ्चालनका जटिल चुनौतीहरू र डिजिटल नेपालको अवधारणालाई कसरी नेतृत्व देला ? संसारभरका लोकतान्त्रिक अभ्यासहरू आज तीव्र, पारदर्शी र प्रविधिमा आधारित भइसकेका छन् । तर, नेपाली कांग्रेस भने अझै पनि गुटगत खिचातानी, आन्तरिक अविश्वास र फितलो व्यवस्थापनमै चुकिरहेको छ । कार्यकर्ताहरू टाढा–टाढाबाट आएर अनिश्चितताको पर्खाइमा बस्नुपर्ने, अधिवेशन लम्बिएर फजुल खर्च र निराशा मात्र बढ्ने अवस्था उत्पन्न हुनु कुनै पनि दृष्टिकोणबाट स्वीकार्य हुन सक्दैन ।**

**नेतृत्वले बुझ्नुपर्छ–अधिवेशनको मिति सारिरहनु वा प्रविधि प्रयोगमा पछि हट्नु भनेको केवल कार्यतालिका प्रभावित हुनुमात्र होइन, आम कार्यकर्ता र युवा पुस्तामा लोकतान्त्रिक प्रक्रियाप्रति नै वितृष्णा जगाउनु हो । टालटुले रवैयाबाट कांग्रेस चल्न सक्दैन । १५औं महाधिवेशनको यो भद्रगोलबाट पाठ सिक्दै कांग्रेसले आफ्नो आन्तरिक व्यवस्थापनलाई आधुनिक, उत्तरदायी र दृढ नबनाए इतिहास र नयाँ पुस्ता दुवैले छाडिदिनेछन् ।**

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# जनताको जीवनमा देखिनुपर्छ लोकतन्त्रको परिवर्तन



■ डा. दामोदर रेग्मी

> लोकतन्त्रको सफलता सरकार कति लामो समय टिक्यो भन्नेमामात्र होइन, नागरिकको जीवन कति सहज भयो भन्नेमासमेत मापन हुनुपर्छ । कति बजेट खर्च भयो भन्नेभन्दा त्यसले कति जीवन बदल्यो भन्ने महत्त्वपूर्ण हो । कति कानुन बने भन्नेभन्दा तिनले कति न्याय र अवसर सिर्जना गरे भन्ने महत्त्वपूर्ण हो । आज नेपाललाई निराशाको कथाको पुनरावृत्ति होइन, सम्भावनाको व्यावहारिक सुखद् सपनाको आवश्यकता छ । हामीले विगतका आन्दोलनलाई केबल स्मृतिमा राखेर पुग्दैन तिनका आदर्शलाई वर्तमानको शासन संस्कारमा उतार्नुपर्छ ।

नेपालको लोकतान्त्रिक इतिहास केवल शासन परिवर्तनको कथा होइन, यो नेपाली जनताको स्वतन्त्रता, सम्मान, अधिकार र सुन्दर भविष्यको खोजीमा गरिएको निरन्तर यात्राको कथा हो । वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलनदेखि २०४६ सालको जनआन्दोलन र २०६२/६३ को ऐतिहासिक जनआन्दोलनसम्म आइपुग्दा नेपाली जनताले पटक-पटक इतिहासको दिशा परिवर्तन गरेका छन् । प्रत्येक आन्दोलनले एउटा नयाँ ढोका खोलेको छ, निरंकुशताबाट प्रजातन्त्रतर्फ, राजकीय सर्वोच्चताबाट जन सार्वभौमसत्तातर्फ, एकात्मक केन्द्रीकरणबाट संघीयतातर्फ र सीमित अधिकारबाट व्यापक नागरिक अधिकारतर्फ । आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौं तर इतिहासको एउटा सुन्दर उपलब्धि प्राप्त गरिसकेपछि अर्को प्रश्न जन्मिन्छ- के लोकतन्त्रले जनताको जीवनमा आफूले वाचा गरेजति परिवर्तन ल्याउन सकेको छ ? तर यो प्रश्न अब अनुत्तरित रहिरहनु हुँदैन ।

लोकतन्त्रको वास्तविक परीक्षा हाम्रा प्रक्रियामाभन्दा नागरिकको घरदैलोमा हुन्छ । संविधानका पानामा अधिकार लेखिनु महत्त्वपूर्ण उपलब्धि हो तर ती अधिकारको अनुभूति नागरिकले आफ्नो दैनिक जीवनमा गर्न सकेन भने लोकतन्त्र अधुरो रहन्छ । जब एउटा सामान्य नागरिकले सरकारी सेवा लिन पहुँच वा चिनजान खोज्नु पर्दैन, युवाले भविष्य निर्माणका लागि विदेसिनैपर्छ भन्ने बाध्यता हुँदैन, किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउँछन्, उद्यमीले निष्पक्ष वातावरणमा व्यवसाय गर्न सक्छन्, कमजोर वर्गले राज्य आफूहरूसँग छ भन्ने अनुभूति गर्छन्- त्यतिबेला मात्र लोकतन्त्रले वास्तविक जीवन्तताको अर्थ पाउँछ ।

यसो भन्दै गर्दा नेपालको लोकतान्त्रिक यात्राले धेरै उपलब्धि दिएको छ भन्नेबारे कदापि भुल्नु हुँदैन । यस अवधिमा राजनीतिक अधिकार विस्तार भएका छन् । मौलिक अधिकार संस्थागत भएका छन् । समावेशिता, सामाजिक न्याय, समानता, लैंगिक सहभागिता र पिछडिएका वर्ग तथा समुदायका अधिकार शासनको मूल बहसमा आएका छन् । विकास निर्माणले गति लिएको छ । सडक, सञ्चार, शिक्षा, स्वास्थ्य, विद्युत् र प्रविधिको पहुँच विगतको तुलनामा व्यापक बनेको छ । संघीय संरचनाले राज्यलाई नागरिकको अझ नजिक पुऱ्याउने सम्भावनाको ढोका खोलेको छ तर उपलब्धिको सूची लामो हुँदैमा नागरिक सन्तुष्ट हुन्छन् भन्ने छैन । नागरिकले किताबी उपलब्धि गन्नुभन्दा आफ्नो जीवनमा आएको परिवर्तन महसुस गर्न चाहन्छन् ।

यसै बिन्दुबाट हाम्रो लोकतान्त्रिक यात्राको अर्को चुनौती सुरु हुन्छ, राजनीतिक परिवर्तनलाई लोकतान्त्रिक संस्कारमा रूपान्तरण गर्ने चुनौती । विगतमा आन्दोलनका दिनमा देखिएको त्याग, साहस, आदर्श र एकता शासन सञ्चालनका क्रममा पनि कायम रहनुपर्छ तर हामी कतिपय अवस्थामा यस परीक्षामा कमजोर देखिएका छौं । व्यवस्था परिवर्तन गर्न हामीले ठूलो मूल्य चुकायौं तर व्यवहार परिवर्तन गर्न त्यति नै गम्भीर हुन सकेनौं । संस्था निर्माण गऱ्यौं तर संस्थागत संस्कार निर्माण गर्न सकेनौं । अधिकारको भाषा सिक्यौं तर उत्तरदायित्वको भाषा त्यति बलियो बनाउन सकेनौं । लोकतन्त्रको नाम लियौं तर लोकतान्त्रिक आचरणलाई जीवनशैली बनाउन अझै बाँकी छ ।

लोकतन्त्रको आत्मा नैतिकता हो । सार्वजनिक पद कुनै व्यक्तिगत सुविधा वा प्रभाव विस्तार गर्ने माध्यम होइन यो जनताले दिएको विश्वासको जिम्मेवारी हो । जब सार्वजनिक जीवनमा सदाचार कमजोर हुन्छ, स्वार्थ हावी हुन्छ, निर्णय प्रक्रियामा पारदर्शिता हराउँछ र भ्रष्टाचारप्रति सहनशीलता बढ्छ तब क्षति केबल राज्यकोषलाई मात्र हुँदैन त्यतिबेला नागरिकको विश्वासमा चोट पुग्छ, नैराश्यता चुलिँदै जान्छ । यसरी राज्यप्रतिको विश्वास कमजोर हुनु लोकतन्त्रका लागि सबैभन्दा गम्भीर संकट हो । त्यसैले भ्रष्टाचार नियन्त्रण केबल कानुनी कारबाहीको विषयमात्र होइन । यो राजनीतिक इच्छाशक्ति, प्रशासनिक सदाचारिता र सामाजिक संस्कारको प्रश्न पनि हो ।

सेवा प्रवाह लोकतन्त्रको सबैभन्दा प्रत्यक्ष अनुहार हो । नागरिकले सरकारलाई भाषणबाट होइन, सेवा केन्द्रबाट चिन्छ, अस्पताल, विद्यालय, वडा कार्यालय, मालपोत, यातायात, सामाजिक सुरक्षा र अन्य सार्वजनिक सेवाको सहजताबाट अनुभव गर्छ । सेवा प्राप्त गर्न सजिलो छ कि कठिन, कर्मचारीले सम्मानपूर्वक व्यवहार गर्छन् कि गर्दैनन्, निर्णय समयमा हुन्छ कि हुँदैन, प्रक्रिया पारदर्शी छ कि छैन यिनै प्रश्नले नागरिकको मनमा सरकारको चित्र बन्ने गर्दछ । त्यसैले सुशासनको पहिलो प्रयोगशाला नागरिकको घरदैलो हो, सेवा प्राप्तिपछिको सेवाग्राहीको अनुहार हो ।

यही सन्दर्भमा २०८२ भदौको जेन-जी आन्दोलनलाई गम्भीरतापूर्वक बुझ्नु आवश्यक छ । यसलाई केबल एउटा राजनीतिक घटना वा तत्कालीन असन्तुष्टिको विस्फोटका रूपमामात्र हेर्नु उचित हुँदैन । यसमा नयाँ पुस्ताको आकांक्षा, अवसरको खोजी, पारदर्शिताको माग, सुशासनप्रतिको आग्रह र पुरानो राजनीतिक संस्कारप्रतिको असन्तुष्टि पनि प्रतिविम्बित भएको देखिन्छ । आजको युवा प्रश्न गर्छन् इतिहासमा धेरै आन्दोलन भए, शासन व्यवस्था धेरैपटक फेरियो, तर हाम्रो जीवनमा परिवर्तनको गति किन सुस्त छ, मैले अवसरका लागि आफ्नो घर, गाउँ र देश किन छोड्नुपर्छ, राज्यसँग मेरो भविष्यको सम्बन्ध के हो ।

यी प्रश्नहरूलाई असन्तोषको आवाज भनेर दबाउने होइन वा न्यून महत्त्व दिने होइन, लोकतन्त्रलाई अझ परिपक्व बनाउने अवसरका रूपमा ग्रहण गर्नुपर्छ । नयाँ पुस्तालाई उपदेशभन्दा अवसर चाहिएको छ । भाषणभन्दा परिणाम चाहिएको छ । आश्वासनभन्दा विश्वास चाहिएको छ । प्रतिस्पर्धाका लागि अवसर चाहिएको छ । योग्यता प्रणालीको कदर चाहिएको छ । पुरानो शैलीको असान्दर्भिक प्रवृत्तिको निरन्तरताभन्दा उत्तरदायी शासन चाहिएको छ । त्यसैले युवाको आवाजलाई सुन्नु आजको लोकतान्त्रिक नेतृत्वको पहिलो परीक्षा हो ।

यस परिवर्तनका केन्द्रमा दुई प्रमुख शासकीय पात्र छन्, निर्वाचित राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्र । राजनीतिक नेतृत्वले जनादेशलाई व्यक्तिगत वा दलगत स्वार्थभन्दा माथि उठाएर सार्वजनिक हितमा प्रयोग गर्नुपर्छ । नीति निर्माणमा दूरदृष्टि, तथ्यमा आधारित निर्णय, पारदर्शिता र दीर्घकालीन राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्छ । प्रशासनले राजनीतिक तटस्थता, व्यावसायिकता, दक्षता, सदाचार र नागरिकमैत्री व्यवहारको प्रतिबद्धतालाई आफ्नो आधार बनाउनुपर्छ । राजनीतिक नेतृत्वले प्रशासनलाई अनावश्यक हस्तक्षेपबाट मुक्त गर्नुपर्छ र प्रशासनले पनि आफ्नो व्यावसायिक जिम्मेवारीबाट पन्छिनु हुँदैन । राजनीति र प्रशासनबीचको स्वस्थ सम्बन्ध नै प्रभावकारी शासनको आधार हो ।

संघीयता हाम्रो लागि अर्को महत्त्वपूर्ण अवसर हो । संघीयता केबल अधिकारको तहगत बाँडफाँटमात्र होइन, यो नागरिकलाई राज्यसँग नजिक ल्याउने सजिलो माध्यम पनि हो । संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको प्रतिस्पर्धाभन्दा सहकार्यको संस्कृति विकास गर्न आवश्यक छ । संघले राष्ट्रिय नीति, मापदण्ड र समन्वयमा नेतृत्व लिनुपर्छ । प्रदेशले क्षेत्रीय विकास, समन्वय र सेवा व्यवस्थापनमा आफ्नो विशिष्ट भूमिका देखाउनुपर्छ । स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले जनसेवा, स्थानीय विकास र नागरिक सहभागिताको उत्कृष्ट नमुना बन्नुपर्छ । तीनै तहले आफूलाई अलग-अलग शक्ति केन्द्रका रूपमा होइन, एउटै राज्य प्रणालीका पूरक अंगका रूपमा बुझ्न सके संघीयताको सार अझ बलियो हुने छ ।

तर सरकारमात्र परिवर्तनको वाहक होइन । निजी क्षेत्र आर्थिक रूपान्तरणको महत्त्वपूर्ण इञ्जिन हो । रोजगारी, उत्पादन, उद्यमशीलता, प्रविधि र नवप्रवर्तनको विस्तारविना लोकतन्त्रको सामाजिक आधार बलियो हुन सक्दैन । त्यसैले निजी क्षेत्रलाई शंकाको दृष्टिले हेर्ने होइन, पारदर्शी नियमन र जिम्मेवार साझेदारीका माध्यमबाट विकासको सहयात्री बनाउनु आवश्यक छ । नाफा र सामाजिक उत्तरदायित्वबीच सन्तुलन कायम गर्दै जिम्मेवार व्यवसाय संस्कार विकास गर्नुपर्छ ।

नागरिक समाज, गैरसरकारी संस्था, विकास साझेदार र सञ्चार क्षेत्रको भूमिका पनि कम महत्त्वपूर्ण छैन । नागरिक समाज लोकतन्त्रको पहरेदारमात्र होइन, नीति संवाद र सामाजिक नवप्रवर्तनको साझेदार बन्नुपर्छ ।

गैरसरकारी संस्थाले परियोजनाको संख्या र चिल्ला कागजमा देखिने प्रगति होइन, परिणाम र संस्थागत क्षमतालाई आफ्नो सफलताको मापदण्ड बनाउनुपर्छ । विकास साझेदारहरूले बाह्य सहयोगलाई राष्ट्रिय प्राथमिकता र स्थानीय स्वामित्वसँग जोड्नुपर्छ । सञ्चारमाध्यमले लोकतन्त्रको चौथो अंगका रूपमा प्रश्न गर्नेमात्र होइन, सत्यको खोजी, तथ्यको प्रस्तुति र रचनात्मक सार्वजनिक बहसको वातावरण निर्माण गर्नुपर्छ ।

शिक्षालयको भूमिका अझ गहिरो छ । विश्वविद्यालय र विद्यालयले केबल प्रमाणपत्र बाँड्ने होइन, विवेक, चरित्र, सिर्जनशीलता र नागरिक चेतना निर्माण गर्नुपर्छ । हामीले युवालाई विदेश जाने प्रमाणपत्र दिने होइन, देशमै अवसर खोज्ने र सिर्जना गर्ने क्षमता पनि दिनुपर्छ । अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता र ज्ञानमा आधारित अर्थतन्त्रको विकासविना नेपालले आफ्ना सम्भावनालाई समृद्धिमा बदल्न सक्दैन ।

वास्तवमा नेपालमा सम्भावनाको कमी छैन, कमी छ त त्यसलाई व्यवस्थितरूपमा परिचालन गर्ने संस्थागत क्षमता, नीति निरन्तरता र कार्यान्वयनको दृढतामा । जलस्रोत, पर्यटन, कृषि, जैविक विविधता, सूचना प्रविधि, मानव पुँजी र उद्यमशील युवा हाम्रा शक्तिहरू हुन् हाम्रा तुलनात्मक लाभका क्षेत्रहरू हुन् । समस्या स्रोतको अभाव मात्र होइन, स्रोतको उचित व्यवस्थापन र सार्वजनिक संस्थाको प्रभावकारिताको पनि हो । त्यसैले अब हामीले नेपालमा केही हुँदैन भन्ने निराशाको मनोविज्ञानबाट बाहिर निस्केर नेपालमा के गर्न सकिन्छ भन्ने सम्भावनाको मनोविज्ञान निर्माण गर्नुपर्छ ।

यसका लागि लोकतन्त्रलाई निर्वाचनको चक्रबाट परिणामको चक्रमा लैजानै पर्दछ । पाँच वर्षमा एकपटक मत माग्ने लोकतन्त्रको अपरिहार्य पक्ष त हो तर नागरिकले पाँच वर्षमा एकपटक दिएको मतले प्रत्येक दिन राज्यको सबल उपस्थितिमा लोकतन्त्रको अनुभूति गर्न पाउनुपर्छ ।

लोकतन्त्रको सफलता सरकार कति लामो समय टिक्यो भन्नेमामात्र होइन, नागरिकको जीवन कति सहज भयो भन्नेमासमेत मापन हुनुपर्छ । कति बजेट खर्च भयो भन्नेभन्दा त्यसले कति जीवन बदल्यो भन्ने महत्त्वपूर्ण हो । कति कानुन बने भन्नेभन्दा तिनले कति न्याय र अवसर सिर्जना गरे भन्ने महत्त्वपूर्ण हो ।

आज नेपाललाई निराशाको कथाको पुनरावृत्ति होइन, सम्भावनाको व्यावहारिक सुखद् सपनाको आवश्यकता छ । हामीले विगतका आन्दोलनलाई केबल स्मृतिमा राखेर पुग्दैन तिनका आदर्शलाई वर्तमानको शासन संस्कारमा उतार्नुपर्छ । वि.सं. २००७ ले स्वतन्त्रताको सपना देखायो, २०४६ सालले बहुदलीय लोकतन्त्रलाई पुनःस्थापित गऱ्यो, २०६२/६३ ले लोकतान्त्रिक गणतन्त्रको बाटो खोल्यो । वि.सं. २०८२ भदौको जेन-जी विद्रोहले युवा पुस्तालाई आशावादी बनायो । यस परिवेशमा अबको जिम्मेवारी लोकतन्त्रलाई जनताको मनमा स्थापित गर्नु हो । यस यात्रामा सबैभन्दा ठूलो प्रश्न सरकार कसको बन्यो भन्ने होइन, सरकार कस्तो बन्यो भन्ने हो । प्रश्न कुन दल सत्तामा छ भन्नेमात्र होइन, त्यो सत्ताले जनताको जीवनमा के कति परिवर्तन ल्यायो भन्ने हो । प्रश्न राज्य कति शक्तिशाली छ भन्नेमात्र होइन, नागरिक कति सुरक्षित, सम्मानित र सक्षम छन् भन्ने हो ।

नेपालको सुखद भविष्यका सर्जक हामी सबै हौं । यो हाम्रो सामूहिक कर्मले लेखिने साझा पाना हो । राजनीतिक नेतृत्व भविष्य द्रस्टा बन्न सक्यो, सार्वजनिक प्रशासनले व्यावसायिकता रोज्न सक्यो, निजी क्षेत्रले जिम्मेवारी अँगाल्न सक्यो, नागरिक समाजले रचनात्मक निगरानी गऱ्यो, शिक्षालयले ज्ञान र चरित्र निर्माण रोज्यो र नागरिकले अधिकारसँगै कर्तव्यलाई आत्मसात् गऱ्यो भने लोकतन्त्र केबल असल शासन प्रणालीमात्र रहने छैन यो जीवन पद्दति बन्ने छ । हामीले धेरैपटक व्यवस्था परिवर्तन गऱ्यौं । अब व्यवहार र अवस्था परिवर्तन गर्ने समय हो । धेरैपटक नयाँ सुरुआतको घोषणा गऱ्यौं । अब त्यसलाई परिणाममा बदल्ने समय हो । आफैंले गरेका धेरै आन्दोलनबाट हामीलाई अधिकार दिलायौं । अब सुशासन, समृद्धि, न्याय र समान अवसरका माध्यमबाट ती अधिकारलाई जीवन्त बनाउने समय हो । किनकि, लोकतन्त्रको अन्तिम अर्थ यही हो जनताले राज्यलाई आफ्नो ठान्नु, राज्यले जनतालाई केन्द्रमा राखोस् र प्रत्येक नेपालीले आफ्नै देशमा आफ्नो भविष्य देख्न सकोस् । यही विश्वास पुनर्जागृत गर्न सकियो भने नेपालको लोकतान्त्रिक यात्रा केबल इतिहासको गौरवमात्र बन्ने छैन भविष्यको आशाको आधार पनि बन्ने छ । *रासस*

*(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्)*

## पाठक मञ्च

### दसैंको संघारमा चुलिएको वर्गभेदप्रति सरकारको बेवास्ता

दसैं ढोकैमा आइपुगेको छ । बजारमा दसैंको किनमेल, घर फर्किने यात्रुको हतारो र चाडबाडको रौनक सुरु भइसकेको छ । तर, यो रौनक समाजका सबै वर्गका लागि समान छैन । आजको नेपाली समाजमा विद्यमान गहिरो आर्थिक असमानता र राज्यको विभेदकारी नीति दसैंमा उजागर हुन्छ ।

सरकारले आफ्ना बहालवाला तथा भूपू कर्मचारीहरूलाई २१ प्रतिशत तलब वृद्धि, दसैं पेश्की र भत्ता समयमै उपलब्ध गराएर ढुक्क बनाएको छ । तर, निजी क्षेत्रमा श्रम गर्ने करोडौं नागरिक, ज्यालादारी श्रमिक र साना बचतकर्ताका लागि भने यो दसैं खुसी होइन, टाउको दुखाइ बनेको छ । निजी क्षेत्रका कर्मचारीहरूले पाँच वर्षअघि तोकिएको न्यूनतम पारिश्रमिकसमेत पाउन सकेका छैनन्, कतिपयले त लामो समयदेखि तलब नै नपाएर चरम श्रम शोषण भोगिरहेका छन् ।

पाँच वर्षमा कोठाभाडा, खाद्यान्न र यातायात भाडा तेब्बरसम्म बढेको छ । सर्वसाधारणका लागि स्वास्थ्य उपचार र माछामासु खानुसमेत पहुँचबाहिर भइसकेको छ । यस्तो चरम महँगीमा निजी क्षेत्रका कामदारलाई न त राज्यले संरक्षण गर्छ, न त नियमन नै । अर्कातर्फ, सहकारीमा जीवनभरको कमाइ फसेका नागरिकहरू आफ्नै पैसा फिर्ता नपाएर छटपटाइरहेका छन् भने बैंकमा आफ्नै बचत रकम निकाल्न जाँदा पनि नागरिकले अनेक सास्ती र प्रश्नको सामना गर्नुपरेको छ ।

दसैंको मौका छोपेर यातायात व्यवसायीहरूले यात्रुबाट दोब्बर भाडा असुल्ने, क्षमताभन्दा तीन-चार गुणा बढी यात्रु खाँद्ने र २०औं वर्ष पुराना थोत्रा गाडी सडकमा उतार्ने काम गरिरहेका छन् । अनुगमन र प्राविधिक जाँचको अभावमा नागरिकको यात्रा जोखिमपूर्ण बनेको छ । चाडबाडका बेला उपत्यकामा हुने सवारीसाधनको अभाव हटाउन सेना, प्रहरी वा सरकारी संस्थाका गाडी चलाउनेतर्फ सरकारको ध्यान जान सकेको छैन ।

सरकार केवल सरकारी कर्मचारीको मात्र नभई देशका हरेक असहाय, गरिब र श्रमजीवी नागरिकको अभिभावक हो । सडकमा मागेर जीवन गुजारा गर्नेदेखि निजी क्षेत्रमा पसिना बगाउने नागरिकसम्मले दसैंको आभास पाउनुपर्छ । राज्यले बजार अनुगमन, भाडा नियन्त्रण, सहकारी पीडितको रकम फिर्ता र निजी क्षेत्रमा न्यूनतम पारिश्रमिकको कार्यान्वयन तत्काल गराउनुपर्छ ।

**- रमला राई**
शान्तिनगर, काठमाडौं



**बिक्री गर्न मादल बनाउँदै** | दाङको घोराही उपमहानगरपालिका–२, ठाटीखोलाका बिक्री गर्न मादल बनाउँदै अनन्तबहादुर सार्कीलगायत । *तस्बिरः रासस*

# हराउँदै स्थानीय बाली

**बाँके–** बाँकेका किसान छिटो र बढी उत्पादनको खोजीमा भौतारिँदा स्थानीय बालीका धेरै जात हराउन थालेका छन् । कोहलपुर नगरपालिकाको मैटहवामा भइरहेको दुई दिने १६औं राष्ट्रिय जिन बैंक स्थापना दिवसमा किसानसँग रैथाने तथा स्थानीय बालीका बीउ, तिनका विशेष गुण, संरक्षण र उपयोगिताबारे छलफल गरिएको हो ।

कोहलपुरका किसान तथा सामुदायिक जिन बैंक, गाभर भ्यालीका अध्यक्ष पुरमल बस्नेतले अहिले छिटो उत्पादन हुने बाली खोज्ने गरेका उल्लेख गर्दै आफ्नै ठाउँमा पुस्तौंदेखि प्रयोग हुँदै आएका बीउ हराउँदै गएकामा चिन्ता व्यक्त गरे । उनले भने, 'रैथाने बालीका धेरै बीउ र जात नष्ट भइसकेका छन्, बाँकी बीउलाई जोगाउन पनि वास्तवमै चुनौतीपूर्ण छ ।'

बस्नेतले स्थानीय बीउ जोगाउने काम अनुसन्धान संस्था वा सरकारी निकायकोमात्र जिम्मेवारी नभएको उल्लेख गर्दै किसान आफैंले बीउ जोगाउने र एकअर्काबीच आदानप्रदान गर्ने परम्परालाई बलियो बनाउन सके स्थानीय बालीको विविधता जोगाउन सकिने बताए । उनले भने, 'त्यसका लागि स्थानीयस्तरमा सामुदायिक बीउ बैंक स्थापना गर्ने सम्भावना खोज्नुपर्ने हुन्छ ।'

दुई दिनसम्म हुने छलफलका क्रममा बिहीबार धानका जंगली जात तथा अन्य अर्धजंगली प्रजातिको पहिचान र तिनको उपयोगिताबारे किसानसँग छलफल गरिएको छ । अहिले खेतमा उत्पादन नदिने वा सामान्य देखिने कुनै बालीको जात भविष्यमा कृषि अनुसन्धान र नयाँ जात विकासका लागि महत्त्वपूर्ण आनुवंशिक स्रोत बन्न सक्ने विषयमासमेत किसानलाई जानकारी दिइएको सामुदायिक जिन बैंकका अध्यक्ष बस्नेतको भनाइ छ । 'आज जंगली धानको अवस्था कस्तो छ र त्यसबाट आउने बीउ कस्तो हुन्छ भनेर अवलोकन गर्दैछौं,' उनले भने ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) राष्ट्रिय जिन बैंक बाली प्रजननविज्ञ डा. मुकुन्द भट्टराईले स्थानीय जातका बालीप्रति पछिल्लो समय बजारको मागसमेत बढ्दै गएको उल्लेख गर्दै बजारको मागलाई ध्यानमा राखेर किसानले उत्पादन गर्नसके संरक्षणसँगै आम्दानीको आधार पनि बलियो हुने बताए । 'रैथाने बाली जोगाएरमात्र हुँदैन त्यसको उत्पादनलाई बजारसँग जोड्नुपर्छ,' उनले भने, 'बीउ संरक्षण, उत्पादन वृद्धि र बजारीकरणलाई सँगसँगै अघि बढाउन सके किसानलाई पनि लाभ हुन्छ र स्थानीय बाली पनि जोगिन्छ ।'

> "स्थानीय जातका बालीप्रति पछिल्लो समय बजारको मागसमेत बढ्दै गएको उल्लेख गर्दै बजारको मागलाई ध्यानमा राखेर किसानले उत्पादन गर्नसके संरक्षणसँगै आम्दानीको आधार पनि बलियो हुने साथै 'रैथाने बाली जोगाएरमात्र हुँदैन त्यसको उत्पादनलाई बजारसँग जोड्नुपर्छ,' उनले भने, 'बीउ संरक्षण, उत्पादन वृद्धि र बजारीकरणलाई सँगसँगै अघि बढाउन सके किसानलाई पनि लाभ हुन्छ र स्थानीय बाली पनि जोगिन्छ ।'

स्थानीय बालीमा रहेका विशेष गुण खाद्य तथा पोषण सुरक्षाका लागि उपयोगी हुने भएकाले तिनको संरक्षण भविष्यको कृषि प्रणालीका लागिसमेत आवश्यक रहेको डा. भट्टराईको भनाइ छ । किसानबीच बीउ आदानप्रदान र परम्परागत खेतीसम्बन्धी ज्ञानको हस्तान्तरणलाई निरन्तरता दिनुपर्नेमा उनले जोड दिए ।

सामुदायिक जिन बैंकका अध्यक्ष बस्नेतका अनुसार रैथाने बालीको बीउसँग केवल उत्पादनको इतिहास जोडिएको छैन, त्यससँग स्थानीय माटो, हावापानी, खानपान र किसानको पुस्तौंदेखिको ज्ञान पनि जोडिएको छ । उनले स्थानीय जातका बालीको बीउ र उत्पादन संरक्षण तथा प्रवर्द्धनका लागि नार्क, राष्ट्रिय जिन बैंक र विज्ञसँगको समन्वयमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए ।

यस वर्षको राष्ट्रिय जिन बैंक स्थापना दिवसको मूल नारा 'कृषि आनुवंशिक स्रोतका विशिष्ट तथा विशेष गुणयुक्त भूमिजात तथा प्रजातिहरूको खोज' रहेको थियो । दुर्लभ तथा स्थानीय बालीका जात पहिचान, संरक्षण र दस्ताबेजीकरणसँगै किसानलाई जैविक विविधताको संरक्षकका रूपमा जोड्ने प्रयास गरिएको डा. भट्टराईले बताए । *रासस*

# बेनी–जोमसोम–कोरला सडकः कुनौटामा मार्ग छिचोलियो



**म्याग्दी–** पछिल्लो मनसुनजन्य विपद्पछि बाढीपहिरोका कारण अवरुद्ध बनेको चीन र भारत जोड्ने कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक मर्मतका लागि प्रमुख चुनौती मानिएको कुनौटा भिरमा मार्ग छिचोलिएको छ । म्याग्दीको रघुगंगा गाउँपालिका-२ मा पर्ने कुनौटामा यही असोज ११ गते कालीगण्डकी नदीमा आएको बाढीले २५० मिटर सडक कटान गरेर बगाएको थियो । बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले बुधबार कुनौटा भीरमा कालीगण्डकीले कटान गरेको ठाउँमा माटो फिलिङ गरेर मार्ग छिचोलिएको जानकारी दिए ।

'बेनी-जोमसोम-कोरला सडक मर्मतका लागि बेससहित कालीगण्डकीले सडक बगाएर कुनौटामा पैदलयात्रा गर्न पनि वैकल्पिक बाटोबाट जोखिम मोलेर हिँड्नुपर्ने अवस्था थियो,' उनले भने, 'चार दिनको प्रयासमा कुनौटामा दुईतर्फबाट जोडिएको सडकलाई फिलिङ, लेभल मिलाउने र सवारीसाधन सञ्चालन गर्न योग्य बनाउन थप एक/दुई दिन लाग्न सक्छ ।'

बुधबार कुनौटामा दुईतर्फबाट छ वटा एक्साभेटर र त्यतिकै संख्यामा माटो बोक्ने टिप्पर परिचालन गरिएको थियो । पोखरेबगरमा कालीगण्डकीले बगाएको सडक पुलको पहुँचमार्ग र कुनौटाबाहेकका ठाउँमा प्रारम्भिक मर्मत कार्य सकिएको आयोजना प्रमुख शर्माले जानकारी दिए ।

पर्वतको कुश्मा नगरपालिका-१ पाङदेखि म्याग्दीको बेनी हुँदै चीनको सिमानामा रहेको कोरलानाका जोड्ने २०२ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक असोज दोस्रो साताको वर्षात्पछिको बाढीपहिरोले ५५ ठाउँमा अवरुद्ध बनेको थियो । असोज ८ देखि ११ गतेको झरिपछि कालीगण्डकीमा आएको बाढीले १० ठाउँमा सडक कटान गरेर बगाएको र भत्काएको छ । मालढुंगादेखि कुनौटा, कोरलादेखि पोखरेबगर सडक पुलसम्मको सडकमा ठूला सवारीसाधन सञ्चालन हुनेगरी मर्मत भएको छ । पोखरेबगरदेखि कुनौटाको बीचमा पर्ने रातोपानी, धीरच्याङ, भीरकाटे, महभीर, तिप्ल्याङ र बेगखोलामा पहिरो पन्छाउने र नयाँ मार्ग बनाएको ठाउँमा ग्रेड, घुम्ती मिलाउने, फराकिलो पार्ने र खाल्डाखुल्डी पुर्ने काम भइरहेको छ ।

पोखरेबगर पुलमा मजदुर र उपकरण परिचालन गरेर ग्याबियन पर्खाल निर्माण गरी पुललाई सडकले जोड्ने संरचना तयार पार्ने काम भइरहेको छ । आगामी सोमबारसम्म सवारीसाधन सञ्चालन गर्ने लक्ष्यसहित उपकरण र मजदुर परिचालन गरिएको योजनाका प्राविधिक विनोद पौडेलले बताए ।

सुरुआती चरणमा रघुगंगा गाउँपालिका-३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह परिसरमा कटान गरेको सडकको विकल्पमा नयाँ मार्ग बनाउन र इन्धन अभावको चुनौती थियो । राहुघाटको विद्युत्गृह अगाडि सडक मार्ग खुलाउने काम सकिएको, नेपाली सेना, स्वयंसेवक र ड्रोनको सहायताले ढुवानी तथा सापटी मागेर इन्धन व्यवस्थापन गरिएकाले कुनै समस्या नरहेको आयोजनाले जनाएको छ । सडक विभाग र निर्माण व्यवसायीका १५ वटा एक्साभेटर, १२ वटा टिपर र १५ वटा लोडरसहित जनशक्ति परिचालन गरेर सडक निर्माणको कामलाई तीव्रता दिइएको संघीय सडक सुपरीवेक्षण आयोजना पोखराका प्रमुख नरेन्द्र सुवेदीले बताए ।

'सडक विभाग र निर्माण कम्पनीले अवरुद्ध सडक खुलाउन सबै ठाउँमा समानान्तररूपमा काम गरिरहेका छन्,' उनले भने, 'आर्थिक वर्ष २०७३/७४ मा सुरु भएको यस आयोजनामा यसपालिको विपद्ले हालसम्मकै ठूलो क्षति पुऱ्याएको छ ।' ८० करोडदेखि ९० करोड रूपैयाँ क्षति पुगेको यो सडक पुनर्निर्माणका लागि तीन अर्ब रूपैयाँ लाग्ने प्रारम्भिक अनुमान सडक विभागले गरेको छ । रसुवा र तातोपानी नाका बन्द रहेकाले चीनसँगको व्यापारका लागि कोरलानाका महत्त्वपूर्ण बनेको छ । कोरलानाका जोड्ने सडकलाई छिटो सञ्चालनमा ल्याउन सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताए ।

काठमाडौंलगायतका सहरमा चीनबाट आयात गरिएका सामान बोकेर आएका ५०० वटा कन्टेनर सडक मर्मत सकिँदाबित्तिकै गन्तव्यतर्फ जानका लागि प्रतीक्षा गरिरहेका छन् । मुस्ताङको स्याउ बजार पठाउने समय पनि सुरु भएको छ । दसैं, तिहारका लागि भेडाच्यांग्रा बजार झार्ने समय नजिकिएको छ । पर्यटकीय यामसमेत सुरु भएकाले बेनी-जोमसोम सडक छिटो सञ्चालनमा ल्याउन दबाब बढेको छ । *रासस*

---

## Saipal Rural Municipality
## Office Of The Rural Municipal Executive
**(Kanda), (Bajhang)**

### Invitation for Sealed Quotation for the procurement of Supply and Delivery of Essential Medicines & Medicinal Items

**Sealed Quotation No: SRM/SQ/Goods/01/2083/084**
**Date of first Publication: 9th oct 2026 (BS 2083-06-23)**

1. The Saipal Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of Procurement of Supply and Delivery of Essential Medicines & Medicinal Items.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Saipal Rural Municipality,Bajhang, **ito.saipalmun@gmail.com, 9849555429** or may visit Saipal Rural Municipality,(Contact Office, Chainpur), Bajhang.
3. A complete set of Bidding Documents may be purchased from the office Saipal Rural Municipality (Contact Office,Chainpur), Bajhang by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs. 1000.00** till 15th oct 2026 (BS 2083-06-29) during office hours in the following account:
   **Name of the Bank:** Everest Bank, Saipal Branch, Dhalaun,Bajhang
   **Name of Office:** Saipal Rural Municipality,Kanda,Bajhang.
   **Office Code no.** :80107700300
   **Office Account no.**: 12400106200000 (GA-1-1 Aantarik Rajaswa Khata Saipal Ga.pa) Rajaswa (revenue) Shirshak no.: 21123
4. Electronic Submission: Electronic Bid Submission is not allowed.
5. Sealed bids must be submitted to the office Saipal Rural Municipality, (Contact Office, Chainpur), Bajhang by hand on or before 12:00 Noon on 16th oct 2026 (BS 2083-06-30). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16th oct 2026 (BS 2083-06-30). and 13:00 noon at the office of Saipal Rural Municipality,(contact Office, Chainpur), Bajhang. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRS 40000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2083-09-13). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [12400106200015 (GA-3 Dharauti Khata-Saipal Ga.Pa.] at [Everest Bank, Saipal Branch, Dhalaun,Bajhang] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. Any matter not covered herein shall be governed by prevailing provision of Public Procurement Act,2063(with second Amendment) and public Procurement Regulations,2064(with Sixteenth Amendment). Any Amendment or modification to this tender/Quotation the bid document shall be published in the official website of this Rural municipality.

**Chief Administrative Officer**


## CYPRUS मा रोजगार
कम्पनी : **THEO EMPLOYMENT & TRAVEL LTD**

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२२ | LT. No. 343325 | चलानी नं. ६०२५६६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 3 | 0 | 1262 | २,१८,५२७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook B | 1 | 0 | 1018 | १,७६,२७६ | | | | | | | |
| 3 | Domestic Worker | 0 | 2 | 400 | ६९,२६४ | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 900 | १,५५,८४४ | | | | | | | |
| 5 | Waitress | 0 | 3 | 700 | १,२१,२१२ | | | | | | | |
| 6 | Agriculture Labour | 2 | 0 | 465 | ८०,५२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.S.Group of Management Pvt.Ltd.**
Subidhanagar-32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682, Ph: 9843193397,What'sapp -9704775697 Email: ssgroup1100@gmail.com
Govt. License 1100/073/074


## अप्पर रिचेत हाइड्रोपावर लिमिटेडको पहिलो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना !

*दोस्रो पटक प्रकाशित मिति २०८३/०६/२३ गते*

यस कम्पनीको सम्पूर्ण शेयरधनीहरूको साधारण सभा बोलाउने प्राप्त निवेदन बमोजिम निम्न लिखित मिति, समय तथा स्थानमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न कम्पनीको **पहिलो वार्षिक साधारण सभा** बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध छ ।

**मिति, स्थान र समय :**
**मिति :** २०८३ साल असोज २७ गते मंगलबार (तदनुसार अक्टुवर १३, २०२६)
**समय :** विहान ११:०० बजे
**स्थान :** कम्पनीको रजिष्ट्रर्ड कार्यालय, काठमाडौं-२७, काठमाडौं

**छलफलका विषयहरूः**
**१. सामान्य प्रस्तावः**
(क) आ.व.२०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।
(ख) आ.व.२०८२/८३ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरू उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।
(ग) आर्थिक वर्ष २०८२।८३ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने बारे ।
(घ) सञ्चालक समिति गठन गर्ने बारे।
(ङ) **IPO** जारी गर्नका लागि Credit Rating गराउन Credit Rating Agency को नियुक्त गर्ने ।
(च) विविध ।

**२. विशेष प्रस्ताव :**
(क) कम्पनी प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिवर्तन भई हाइड्रोपावर कम्पनीको रूपमा सञ्चालक भई आएकोमा अब उप्रान्त कम्पनीलाई होल्डिङ्स कम्पनीको रूपमा परिवर्तन गर्ने बारे। सोही अनुसार कम्पनीको नाम परिवर्तन गरी नेक्स्टजेन इनर्जी होल्डिङ्स लिमिटेड राख्ने ।
(ख) कम्पनीको अधिकृत र जारी पुँजी वृद्धि गरेर ५० करोड पुऱ्याउने बारे ।
(ग) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न सञ्चालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने ।

**साधारण सभा सम्बन्धी जानकारी**
१. सभामा भाग लिन आउनु हुने महानुभावहरूले प्रवेश-पत्र वा आफ्नो शेयर प्रमाण-पत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाइने छ । कुनै शेयरधनी महानुभावले कुनै कारणवश प्रवेश-पत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको रजिष्ट्रर्ड कार्यालय, काठमाडौं-२७, काठमाडौंमा साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रवेश-पत्र प्राप्त गर्नु हुन अनुरोध गरिन्छ ।
२. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले प्रतिनिधि (प्रोक्सी) फारम सभा हुने दिनभन्दा कम्तिमा ४८ घण्टा अगावै, अर्थात् २०८३।०६।२५ गते दिनको ११:०० बजेभित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबैभन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ । तर मतदान गर्न पाउनु हुने छैन ।
३. नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनीहरूको लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रूपमा मान्यता दिइने छ ।
४. संयुक्त रूपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाइने छ ।
५. सभाको दिन सभा शुरू हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ ।
६. मिति २०८३ साल असोज १२ गतेदेखि साधारण सभा सम्पन्न हुन्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
७. सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय, काठमाडौं-२७, कमलाक्षी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।
८. कम्पनीको सञ्चालक पदको निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारीहरू कम्पनीको रजिष्ट्रर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।

**विनोद प्रसाद भट्ट**
**कम्पनी सचिव**

**अप्पर रिचेत हाइड्रोपावर लिमिटेड**
कमलाक्षी, काठमाडौं
फोन नं.०१-४११५९५५, मो.नं. ९८५११२०६०३
E-mail : urhppl@gmail.com

प्रभाव दैनिक

रूपशाला

**बलिउड अभिनेता नाना पाटेकरको निधन**

बलिउड अभिनेता नाना पाटेकरको ७५ वर्षको उमेरमा निधन भएको छ भारतीय सञ्चारमाध्यम दैनिक भास्करका अनुसार गोवास्थित आफ्नै घरमा बिहीबार बिहान उनलाई हृदयाघात भएको थियो । रिपोर्टअनुसार उनलाई बचाउन करिब ४५ मिनेटसम्म सीपीआर दिइएको थियो । तर उनको ज्यान बचाउन सकिएन । चिकित्सक डा. शेखर सालकरका अनुसार नाना पाटेकरको बिहान ५:२० बजे निधन भएको हो । नाना पाटेकरले लामो समयदेखि हिन्दी र मराठी फिल्ममा अभिनय गर्दै आएका थिए । सन् १९८९ मा रिलिज भएको 'परिन्दा'मा उनले अन्नाको भूमिका निर्वाह गरेका थिए । उक्त भूमिकाका लागि उनले उत्कृष्ट सहायक अभिनेताको राष्ट्रिय फिल्म पुरस्कार पाएका थिए ।



शुक्रबार, २३ असोज २०८३ (Friday, 09 October 2026)

# खगेन्द्र-सुरक्षाको जोडी लिएर दीपेन्द्रले गुपचुप बनाए 'श्रीमान् श्रीमती'

■ प्रभाव संवाददाता



**काठमाडौं** – निर्देशक दीपेन्द्र के खनालले नयाँ चलचित्र 'श्रीमान् श्रीमती'को छायांकन गुपचुप रूपमा अघि बढाइरहेका छन् । कुनै औपचारिक घोषणा नगरी सुरु गरिएको यो चलचित्र अहिले छायांकनको अन्तिम चरणमा पुगेको छ ।

काठमाडौंका विभिन्न स्थानमा छायांकन भइरहेको चलचित्रको काम अब करिब एक साताभित्र सकिने निर्देशक खनालले जानकारी दिएका छन् । निर्माण टिमले चलचित्रको छायांकनलाई सकेसम्म गोप्य राख्दै काम अघि बढाएको हो ।

पटकथा प्रोडक्सन र टुकी आर्ट्सको प्रस्तुतिमा बन्न लागेको 'श्रीमान् श्रीमती' पारिवारिक कथामा आधारित चलचित्र हो । चलचित्रमा अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री सुरक्षा पन्त मुख्य भूमिकामा छन् । गम्भीर तथा सामाजिक विषयलाई कथाको केन्द्रमा राखेर चलचित्र बनाउने निर्देशकका रूपमा परिचित खनालले भने यसपटक पूर्ण पारिवारिक कथामा काम गरेका छन् । उनका अनुसार चलचित्रमा दर्शकले आफूलाई जोड्न सक्ने मिठो कथा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

"दर्शकले मन पराउने मिठो कथामा सिनेमा बन्दैछ । आशा छ, दर्शकले मन पराउनु हुनेछ," निर्देशक खनालले भने, "हामीले इमान्दार भएर सिनेमा बनाउने हो । पक्कै पनि इमान्दार बनेर बनाइएको सिनेमा दर्शकको रोजाइमा पर्छ ।"

निर्माण टिमले चलचित्रको प्रदर्शन मिति भने सार्वजनिक गरेको छैन । छायांकन सकिएपछि पोस्ट प्रोडक्सनको काम अघि बढ्नेछ । निर्देशक खनालको पछिल्लो रिलिज चलचित्र 'हरिबहादुरको जुत्ता' हो । यसबाहेक उनले 'क्याप्टेन साब'को समेत छायांकन सम्पन्न गरिसकेका छन् । 'क्याप्टेन साब' भने प्रदर्शनमा आउन बाँकी छ ।

# प्रदर्शनको तयारीमा 'आ बाट आमा २'

■ प्रभाव संवाददाता



**काठमाडौं**– फिल्म फिल्म 'आ बाट आमा २ 'को अर्को गीत झरातो टीका लाउदा क्या दामी देखियो ' गीत रिलिज भएको छ । निर्माण टिमले प्रचारप्रसार स्वरूप बिहिबार यो गीत युट्युब मार्फत रिलिज गरिएको हो । दसैंको माहोल र टीका जमरा लगाएको कथालाई गीतको भिडियोमा देखिन्छ ।

डान्सिङ गीतमा पल शाह,मलिका महत, आकाश श्रेष्ठ, साइग्रेस पोखरेल, रिश्ता गुरुङ, निकिता आचार्यलगायत सामुहिक डान्समा रमाइलो गरिरहेको देख्न सकिन्छ । साथै लाहुरेको भुमिकामा सबिन श्रेष्ठ रहेका छन् । सामुहिक विवाहमा उनीहरूको नाच रहेको छ । जुन दृश्य निकै उत्कृष्ट लाग्छ । यस गीतको कोरियोग्राफी गंभिर बिष्टले गरेका छन् । यस गीतको शब्द रचना,संगीत बाबुल गिरीले गरेका हुन् भने गायनमा बाबुल र रचना रिमालको रहेको छ ।

चन्द्र पन्तको कथा,पटकथा तथा निर्देशन रहेको यस फिल्ममा पल शाह, मलिका महत र बिपना थापा,रिश्ता गुरुङ,निकिता आचार्य, आकाश श्रेष्ठ, सबिन श्रेष्ठ, प्रदीप रावत, साइग्रेस पोखरेल, गजित विष्ट, नरेन खड्का, दिलिप अखेडालगायतको मुख्य भूमिका छ ।

यस फिल्मको लेखनमा रोशन भट्ट र चन्द्र पन्तले सहकार्य गरेका छन् भने संवाद रोशन भट्ट पनि रहेका छन् । करण सिंह फिल्मको प्रोडक्सन एक्जिक्युटिभ रहेको यस फिल्ममा नवराज उप्रेतीको छायांकन, बाबुल गिरीको संगीत, गम्भीर बिष्टको नृत्य निर्देशन तथा साहिल खान र मिलन श्रेष्ठको सम्पादन रहेको फिल्मको ओएसआर डिजिटल डिजिटल पार्टनर रहेको छ भने फिल्मलाई आरआर फिल्मस्ले नेपालभर वितरण गर्ने जिम्मा लिएको छ ।

## रंगशाला

# प्रयागराज सिंह सुवाल स्मृति फुटसल सुरू

■ प्रभाव संवाददाता



**काठमाडौं**– काठमाडौं महानगरपालिका २३ वडाको आयोजनामा चौथो प्रयागराज सिं सुवाल स्मृति अन्तर वडा फुटसल प्रतियोगिता बिहीबारबाट सुरु भएको छ ।

बिहीबार भएको उद्घाटन खेलमा काठमाडौं महानगरपालिका केन्द्रको टोलीले आयोजक २३ वडालाई २-१ गोलले पराजित गरेको छ । कामपा केन्द्रको लागि एक गोल प्रकाश सुवेदीले गरे भने एक गोल आत्मघाती रूपमा पाएको थियो । २३ वडाको लागि एलिश श्रेष्ठले एक गोल गरे । यस खेलमा कामपा केन्द्रका गोलकिपर सन्तोष घिमिरे म्यान अफ दि म्याच भए ।

प्रतियोगिता अन्तर्गत पहिलो दिनको दोस्रो खेलमा ६ वडाले ३ वडा ५-०को ठूलो अन्तरमा पराजित गरेको छ । ६ वडाका लागि संयम घिमिरे र केशव भण्डारीले दुई दुई गोल गरे भने नाम्दो स्याङबोले एक गोल गरे । यसमा दुई गोल गरेका संयम घिमिरे म्यान अफ दि म्याच घोषित भए ।

पहिलो दिनको अन्तिम खेलमा २२ वडाले २७ वडालाई ४-२ गोलको अन्तरले पराजित गर्‍यो । २२ वडाको जीतको लागि शीर्षक तुलाधरले २ गोलको योगदान दिएभने प्रताप वज्राचार्य र राजीव महर्जनले एक एक गोल गरे । २७ वडाको लागि रविन्द्र श्रेष्ठले दुई गोल गरेका थिए । खेलमा शीर्षक तुलाधर म्यान अफ दि म्याच भए ।

प्रतियोगिता अन्तर्गत भोलि शुक्रबार पहिलो खेल २० वडा र २८ वडा बीच, दोस्रो खेल १६ वडा र१८ वडा बीच र अन्तिम खेल १४ वडा र १२ वडा बीच हुनेछ । नकआउटको आधारमा हुने प्रतियोगितामा विजेता टिमलाई ट्रफीसहित दुई लाख रूपैयाँ प्रदान गरिनेछ भने उपविजेता टिमले एक लाख रूपैयाँ प्राप्त गर्नेछ ।

त्यसैगरी व्यक्तिगततर्फ उत्कृष्ट हुने सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्ता र सर्वश्रेष्ठ गोलरक्षकलाई जनही दश हजार रूपैयाँसहित ट्रफि प्रदान गरिनेछ ।

प्रतियोगितामा काठमाडौं महानगरपालिका केन्द्रको टोलीसहित १, २, ३, ४, ५, ६, ११, १२, १३, १४, १५, १६, १८, १९, २०, २१, २२, २३, २६, २७, २८ र २९ वडा गरि २३ वटा टिमको सहभागिता रहेको छ ।

फुटसलको उद्घाटन गर्दै कामपा २३ वडाका अध्यक्ष मचाराजा महर्जनले महानगरभित्र लुकेर बसेका प्रतिभालाई अगाडी ल्याउन काठमाडौं महानगरपालिकाका पूर्वमन्त्री तथा समाजसेवी प्रयागराज सिंह सुवालको स्मृतिमा अन्तर वडा फुटसल प्रतियोगिताको आयोजना गर्दै आइरहेको बताए । पूर्वमन्त्री सुवाल २३ वडाका बासिन्दा थिए ।

# विराटनगरको प्रशिक्षकमा प्रसादको निरन्तरता

**काठमाडौं (प्रस)**– नेपाल प्रिमियर लिग (एनपिएल) सिजन ३ का लागि विराटनगर किङ्सले श्रीलंकाका पूर्व अन्तर्राष्ट्रिय क्रिकेटर धम्मिका प्रसादलाई मुख्य प्रशिक्षकमा निरन्तरता दिएको छ ।

विराटनगरले बिहीबार प्रसादलाई औपचारिक रूपमा सार्वजनिक गरेको हो । प्रसादले विराटनगरको प्रशिक्षण तथा रणनीतिक नेतृत्व सम्हाल्नेछन् । उनले श्रीलंकाका लागि २५ टेस्ट, २४ एकदिवसीय र १४ ट्वान्टी-२० अन्तर ाष्ट्रिय खेलेका छन् ।

प्रशिक्षकका रूपमा प्रसादले अमेरिका राष्ट्रि टोलीका सहायक तथा बलिङ प्रशिक्षकका साथै नेपाल र ओमानका पूर्व बलिङ प्रशिक्षकको जिम्मेवारी सम्हालिसकेका छन् । फ्रेन्चाइज क्रिकेटमा पनि उनले विभिन्न टोलीमा काम गरिसकेका छन् ।

विराटनगरले प्रसादको अन्तर्राष्ट्रिय अनुभव, बलिङ प्रशिक्षण र खेलाडी विकासको विशेषज्ञतालाई ध्यानमा राख्दै निरन्तरता दिएको हो । गत सिजन प्लेअफमा पुग्न नसकेको पीडाले टोलीलाई अझ बलियो र प्रतिबद्ध बनाएको प्रसादले बताएका छन् ।

एनपिएलको तयारीका लागि विराटनगर हाल भारतको उत्तर प्रदेशस्थित पूर्वाञ्चल क्रिकेट एकेडेमीमा प्रशिक्षणरत छ । टोलीले रणजी ट्रफी खेलिसकेका भारतीय खेलाडीहरूसँग अभ्यास खेल खेलिरहेको छ । प्रसादले भारतको प्रशिक्षणले टोलीको तयारी बलियो बनाइरहेको बताए ।

## कुवेतमा रोजगार

कम्पनी : AL NASEEM FOR GLASS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२२ LT. No. 344822 चलानी नं. ६०२५८०७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assembly Labours-Indoor | 2 | 0 | 90 | ४४,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1543/078/079

**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

## युएइमा रोजगार

कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२२ LT. No. 330903 चलानी नं. ६०२४४६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 50 | 1000 | ४२,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Bishnu: 9851112074, Ganesh : 9841777604, Rajesh : 9801072971, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com
श्रम इजाजत नं. ५४२/०६१/०६२

## साउदीमा रोजगार

कम्पनी : JAWAHER EMAD ALOSAIMI ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०६/२१ LT. No. 349101 चलानी नं. ६०२६२३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४९,४३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

## युएइमा रोजगार

कम्पनी : SAGAR BAISLA TECHNICAL SERVICES L.L.C

शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०५/१७ LT. No. 347158 चलानी नं. ६०२६०६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Construction Labour | 1 | 0 | 1000 | ४२,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Cleaner labour | 5 | 0 | 1000 | ४२,१६२ | | | | | | | |
| 3 | Plumber Assistant | 1 | 0 | 1200 | ५०,५९३ | | | | | | | |
| 4 | Assistant (Electrician, Mechanical, Electronics, Civil) | 2 | 0 | 1200 | ५०,५९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
ईजाजत नं. १३६५/०७४/७५
Basundhara-3, Kathmandu,BAGMATI
Phone: 01-5905757, Fax:01-5905758, email: info@greenlight.com.np

## साउदीमा रोजगार

कम्पनी : C.A.T. International Company Limited

पूर्व स्वीकृति मिति : २०८२/०३/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२२ LT. No. 326575 चलानी नं. ६०२४०५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading&unloading lobour | 1 | 0 | 1000 | ४१,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKYWAYS BUREAU SERVICES PVT.LTD.**
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67

## युएइमा रोजगार

कम्पनी : ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/२२ LT. No. 328852 चलानी नं. ६०२४३०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 17 | 0 | 1000 | ४२,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

## जापानमा रोजगार

कम्पनी : Link World Cooperative

पूर्व स्वीकृति मिति : २०८३/०६/१९ LT. No. 349012 चलानी नं. ६०२६२३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Warehouse Helper | 3 | 0 | 198000 | १,९३,७८१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Link World Cooperative

पूर्व स्वीकृति मिति : २०८३/०६/१९ LT. No. 349013 चलानी नं. ६०२६२३२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Warehouse Helper | 2 | 0 | 198000 | १,९३,७८१ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Kyodo Kumiai Jigyou Kouryuu Hiroshima Center

पूर्व स्वीकृति मिति : २०८३/०६/१९ LT. No. 349014 चलानी नं. ६०२६२३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Building Stone | 2 | 0 | 197600 | १,९३,३९० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज ३० गते (16th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TIRUPATI H.R. SOLUTION (P) LTD**
Govt. License 1544/078/079
Kathmandu-31 (New Baneshwor) KATHMANDU, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np



अफगानिस्तानको काबुलस्थित मुजाहिदिन बजार (जुन तालिबान सत्तामा फर्कनुअघि 'बुस मार्केट' का नामले चिनिन्थ्यो) मा पपकर्न बेचिरहेका एक सडक व्यापारी । *तस्बिरः एपी*

# साउदी विमानस्थलमा हुथी आक्रमण, तीन जनाको मृत्यु

**रियाद–** साउदी अरेबियाका दुई अन्तर्राष्ट्रिय विमानस्थलमा हुथी विद्रोहीले गरेको आक्रमणमा तीन जनाको मृत्यु भएको छ भने ३६ जना घाइते भएका छन् । घटनापछि साउदी नेतृत्वको गठबन्धनले हुथीविरुद्ध जवाफी कारबाही तीव्र बनाएको छ ।

साउदी नागरिक उड्डयन प्राधिकरणका अनुसार मंगलबार र बुधबार आभा अन्तर्राष्ट्रिय विमानस्थल तथा रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरी आक्रमण भएको थियो । आभामा एक इजिप्टेली र एक अल्जेरियाली तथा रियादमा एक सुडानी नागरिकको मृत्यु भएको हो ।

हुथी सैन्य प्रवक्ता याहया सारीले रियादको विमानस्थललाई 'सटिक' आक्रमणबाट लक्षित गरिएको र हवाई यातायात प्रभावित भएको दाबी गरे । हुथीहरूले आभा विमानस्थल र खामिस मुशैतस्थित किङ खालिद एयर बेसमा पनि ड्रोन तथा मिसाइल प्रहार गरेको दाबी गरेका छन् । साउदी नेतृत्वको गठबन्धनले हुथीको आक्रमणको जवाफमा मिसाइल प्रक्षेपण सुविधा, कमाण्ड सेन्टर, सञ्चार प्रणाली र भेला हुने स्थानसहित ८२ वटा सैन्य लक्ष्यमा आक्रमण गरेको जनाएको छ । गठबन्धनले आक्रमणमा प्रयोग भएको ब्यालेस्टिक मिसाइल प्रक्षेपण मञ्च नष्ट गरेको पनि बताएको छ ।




हुथीहरूले रियादको विमानस्थलमा अर्को आक्रमण गरेको दाबी गर्दै साउदी हवाई क्षेत्र प्रयोग नगर्न विमान कम्पनीहरूलाई चेतावनी दिएका छन् । एडनस्थित विमानस्थल नजिकै सैन्य आपूर्ति काफिलामाथि पनि आक्रमण गरेको उनीहरूको दाबी छ । मिसाइल खसेपछि कायरोबाट आउँदै गरेको एउटा विमान साउदी अरेबियाको जेद्दा मोडिएको सरकारी सबा समाचार एजेन्सीले जनाएको छ ।

यसैबीच, यमनको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारले हुथीविरुद्ध ठूलो प्रतिआक्रमण सुरु गरेको घोषणा गरेको छ । सरकारी फौजले लाल सागरको तटीय क्षेत्र र बन्दरगाह सहर मोचाका रणनीतिक स्थानबाट हुथी लडाकुलाई पछि हटाएको दाबी गरेको छ । हुथीहरूले भने आफ्नो नियन्त्रणमा रहेको भूभाग कायमै रहेको बताएका छन् । दुवै पक्षका सैन्य दाबी स्वतन्त्ररूपमा पुष्टि गर्न कठिन रहेको एएफपीले जनाएको छ ।

यमनको पश्चिमी क्षेत्रमा बुधबार भएको झडपमा कम्तीमा ६२ लडाकु मारिएको दुवै पक्षका सैन्य स्रोतले बताएका छन् । तीमध्ये ३७ जना हुथी लडाकु रहेको बताइएको छ । सरकारी नियन्त्रणमा रहेको ताइज सहरमा हुथी मिसाइल प्रहार हुँदा पाँच सर्वसाधारण घाइते भएको सबाले जनाएको छ ।

साउदी अरेबियाले सन् २०१५ देखि हुथीविरुद्धको अन्तर्राष्ट्रिय गठबन्धनको नेतृत्व गर्दै आएको छ । यमनको लामो युद्धका कारण मानवीय संकट गहिरिएको छ । संयुक्त राष्ट्रसंघका अनुसार जुलाईमा गृहयुद्ध सुरु भएयता दुई लाखभन्दा बढी मानिस देशभित्रै विस्थापित भएका छन् र ठूलो जनसंख्या मानवीय सहायतामा निर्भर रहेको छ । मोचाबाट एडन भागेका ३३ वर्षीय परोपकारी कार्यकर्ता मोहम्मदले हुथीको गतिविधिका कारण स्थानीय बासिन्दा डरमा रहेको बताए । *रासस⁄एएफपी*

# भारतमा निर्वाचन आयोगविरुद्ध प्रदर्शन

**नयाँदिल्ली–** भारतमा मतदाता सूचीको विशेष गहन पुनरवलोकनका क्रममा लाखौं नाम हटाइएको विषयलाई लिएर निर्वाचन आयोगमाथि दबाब बढेको छ । 'इण्डियन एक्सप्रेस'को अनुसन्धानात्मक समाचारले मतदाता सूची संशोधनका महत्त्वपूर्ण निर्णयहरू तीन निर्वाचन आयुक्तमध्ये दुई जनाको स्वीकृतिविनै गरिएको आरोप लगाएपछि आयोग र प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारविरुद्ध विरोध चर्किएको हो ।



भारतीय निर्वाचन आयोगले भने आरोप अस्वीकार गर्दै आफ्ना सबै निर्णय सर्वसम्मत र कानुनसम्मत रहेको जनाएको छ । विपक्षी दलहरूले भने सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्नेगरी वैध मतदाताको नाम हटाइएको आरोप लगाएका छन् । आयोगका प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गर्दै प्रदर्शन भइरहेका छन् भने शनिबार नयाँदिल्लीमा ठूलो प्रदर्शनको तयारी गरिएको छ ।

सन् २०२५ मा विशेष गहन पुनरवलोकन (एसआइआर) सुरु भएयता आयोगमा आन्तरिक मतभेद रहेको 'इण्डियन एक्सप्रेस'ले जनाएको छ । आयोगका तीनमध्ये दुई आयुक्तले पछिल्लो १० महिनामा एसआइआरका प्रमुख निर्णयमाथि एक दर्जनभन्दा बढी पटक औपचारिक आपत्ति जनाएको समाचारमा उल्लेख छ ।

आयोगले गलत विवरणमा दर्ता भएका मतदाताको पहिचान गर्नु र 'विदेशी अवैध आप्रवासी' लाई मतदानबाट रोक्नु एसआइआरको उद्देश्य रहेको बताएको छ । आलोचकहरूले भने यसबाट सीमान्तकृत तथा अल्पसंख्यक समुदाय प्रभावित हुने बताएका छन् ।

आयोगको तथ्यांक उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले १३ करोड ३० लाखभन्दा बढी नाम मतदाता सूचीको मस्यौदाबाट हटाइएको जनाएका छन् । हटाइएका नाममा दोहोरो विवरण तथा मृत्यु भएका व्यक्तिका नामसमेत छन् । अन्तिम सूची प्रकाशित भएपछि मात्र वास्तविक संख्या स्पष्ट हुने छ ।

यस विषयमा हजारौं मानिस प्रदर्शनमा सहभागी भएका छन् । विपक्षी कांग्रेस पार्टीले राहुल गान्धीको नेतृत्वमा नयाँदिल्लीमा प्रदर्शन गरेको छ । युवाहरूको नेतृत्वमा रहेको सिजेपीले पनि थप प्रदर्शनको आह्वान गरेको छ ।

६२ वर्षीय ज्ञानेश कुमारले सन् २०२५ फेब्रुअरीमा निर्वाचन आयोगको प्रमुखका रूपमा जिम्मेवारी सम्हालेका हुन् । मतदाता सूची संशोधनको विषय सर्वोच्च अदालतमासमेत पुगेको छ । अदालतले सरकार र निर्वाचन आयोगसँग स्पष्टीकरण मागेको छ भने यससम्बन्धी अर्को सुनुवाइ आगामी साता हुने तय भएको छ । *रासस⁄एएफपी*

# मलेसियाको जोहोरमा वायु प्रदूषणले विद्यालय बन्द

**क्वालालम्पुर–** मलेसियाको जोहोर राज्यमा वायु प्रदूषण बढेपछि विद्यार्थीको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राख्दै बिहीबार र शुक्रबार सबै विद्यालय बन्द गरिएको छ । पछिल्ला दिनमा राज्यका विभिन्न क्षेत्रमा धुवाँ बढ्नुका साथै वायु गुणस्तर लगातार बिग्रिएपछि विद्यालय बन्द गर्ने निर्णय गरिएको हो ।

जोहोर शिक्षा तथा सूचना समितिका अध्यक्ष मुहम्मद नकीब मोहम्मद गजालीले बुधबार जारी गरेको विज्ञप्तिमा विद्यार्थीको स्वास्थ्य र सुरक्षाको संरक्षणका लागि सावधानीस्वरूप विद्यालय बन्द गरिएको बताए । विद्यालय बन्द हुँदा जोहोर राज्यका सबै एक हजार १९८ विद्यालय प्रभावित भएका छन् । यसबाट छ लाख १७ हजार २५८ विद्यार्थीको नियमित पठनपाठन प्रभावित भएको छ ।

जोहोरमा पछिल्ला दिनमा वायु प्रदूषण सूचकांक (एपिआई) को स्तर उच्च देखिएको छ । बिहीबार बिहान १० बजे सेगमट क्षेत्रमा एपिआई १८७ पुगेको थियो । यो अस्वास्थ्यकर वायु गुणस्तरको स्तर हो ।

राजधानी क्वालालम्पुरसहित मलेसियाका ३८ क्षेत्रमा पनि अस्वस्थकर एपिआई स्तर रेकर्ड गरिएको छ । बढ्दो धुवाँ र प्रदूषणका कारण स्वास्थ्यमा पर्न सक्ने जोखिमलाई ध्यानमा राख्दै जोहोरमा विद्यालय बन्द गर्ने निर्णय गरिएको अधिकारीहरूले जनाएका छन् । *रासस⁄सिन्ह्वा*

# मध्यपूर्व युद्धपछि इरानमा विदेशी वायुसेवाको उडान पुनः सुरु

**तेहरान–** मध्यपूर्वमा युद्ध सुरु भएपछि पहिलोपटक विदेशी वायुसेवा कम्पनीको व्यावसायिक विमान इरानमा अवतरण गरेको छ । इरानको सरकारी सञ्चारमाध्यमका अनुसार बिहीबार इराकको राष्ट्रिय ध्वजावाहक वायुसेवाको विमान राजधानी तेहरान पुगेको हो ।

अमेरिकाले इराकी वायुसेवालाई इरानमा उडान सञ्चालन गर्न प्रतिबन्धबाट विशेष छुट दिएपछि उक्त उडान सञ्चालन भएको हो । सरकारी टेलिभिजनले प्रसारण गरेको दृश्यमा इराकको नजफबाट उडेको विमान तेहरानस्थित इमाम खोमेनी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको देखाइएको छ । यो उडान यात्रु लिएर नजफदेखि तेहरान पुगेको र पुनः फर्किने सेवा रहेको जनाइएको छ ।

सरकारी टेलिभिजनका अनुसार विमान स्थानीय समयअनुसार बिहान ६ बजेर ५० मिनेटमा सुरक्षितरूपमा इमाम खोमेनी विमानस्थलमा अवतरण गरेको थियो । गत महिना इराकको यातायात मन्त्रालयले अमेरिकाले इराकी वायुसेवालाई इरानमा उडान सञ्चालनका लागि विशेष छुट दिएको जानकारी दिएको थियो । इराकी अधिकारीका अनुसार यो छुट मुख्यतः इरान र नजफबीच धार्मिक तीर्थयात्रीको आवतजावतका लागि लागू गरिएको हो । नजफ शिया मुस्लिम समुदायका लागि अत्यन्त महत्त्वपूर्ण धार्मिक स्थल हो ।

यसैबीच, इराकी सरकारले गत साता अमेरिकासँग भएको सहमतिअनुसार महन वायुसेवाबाहेकका इरानी वायुसेवा कम्पनीलाई नजफबाट दैनिक उडान सञ्चालन गर्न अनुमति दिइएको जनाएको थियो । यो घटनाक्रम अमेरिकाले इरानको हवाई उद्योगमाथि प्रतिबन्ध थप कडा बनाएको केही समयपछि आएको हो । अमेरिकी प्रतिबन्धका कारण प्रमुख इरानी वायुसेवा कम्पनीहरूले अन्तर्राष्ट्रिय उडान रद्द गर्नुपरेको थियो भने विभिन्न देशलेसमेत इरानी विमानमाथि उडान प्रतिबन्ध लगाएका थिए ।

गत सेप्टेम्बरको अन्त्यमा इरानले अमेरिकी प्रतिबन्धविरुद्ध संयुक्त राष्ट्रसंघअन्तर्गतको अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनमा औपचारिक उजुरीसमेत दर्ता गराएको थियो । हाल इरानबाट बाहिरिने वा इरान प्रवेश गर्ने यात्रुका लागि छिमेकी टर्कीका गन्तव्यहरू प्रमुख हवाई विकल्प बनेका छन् । इरानी वायुसेवा कम्पनीहरूले अफगानिस्तान, पाकिस्तान, चीन, रुस, मलेसिया र थाइल्याण्डमा भने अझै उडान सञ्चालन गरिरहेका छन् । *रासस⁄एएफपी*

# नोबेल शान्ति पुरस्कारमा ट्रम्पको दाबी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२६ को नोबेल शान्ति पुरस्कारका लागि आफू योग्य रहेको दाबी गर्दै आफूले दोस्रो कार्यकाल सुरु गरेयता आठवटा द्वन्द्व समाधान गरेको बताएका छन् ।

बुधबार ओभल अफिसमा पत्रकारसँग कुरा गर्दै ट्रम्पले पुरस्कारको घोषणा शुक्रबार हुने उल्लेख गर्दै 'यो समयको कुरा हो' भने । आफूले पुरस्कार पाए पनि नपाए पनि शान्तिका लागि अरूभन्दा बढी काम गरेको उनको दाबी थियो ।

'मैले अरू कसैले नगरेको काम गरेको छु । मैले घमण्ड गरिरहेको छैन, म तपाईंहरूलाई तथ्यमात्र बताउँदै छु । मैले आठवटा युद्ध समाधान गरें,' उनले भने ।

ट्रम्पले नोबेल समितिले आफूजस्ता व्यक्तिलाई पुरस्कार नदिने प्रतिष्ठा बनाएको टिप्पणी गर्दै आफूलाई पुरस्कार नदिइए पनि त्यसले आफूले गरेका कामको महत्त्व कम नहुने बताए । उनले सन् २००९ मा तत्कालीन राष्ट्रपति बाराक ओबामालाई नोबेल शान्ति पुरस्कार दिइएको विषयमासमेत प्रश्न उठाए । ट्रम्पले गत वर्ष नोबेल शान्ति पुरस्कार पाएकी भेनेजुएलाकी विपक्षी नेता मारिया कोरिना मचाडोसँगको भेटको पनि उल्लेख गर्दै उनले आफ्नो पदक आफूलाई दिएको दाबी गरे ।

ट्रम्प प्रशासनले आर्थिक दबाब, व्यापार रणनीति र महसुलमार्फत विभिन्न देशलाई कूटनीतिक वार्तामा ल्याउन सफल भएको दाबी गर्दै आएको छ । *रासस⁄एएनआई*

**Sunawarshi Municipality**
**Office Of The Municiple Executive**
**Dainiya, Morang**
**Koshi Province**

**Invitation For Sealed Qutation**

**Published date:** 2083/06/23 (9th of Oct. 2026)

1 Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites Hard copy from eligible bidder for the procurement of the following works under sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document P rice Nrs |
| --- | --- | --- | --- | --- |
| **SUNMUN/SQ/ WORKS/083/84-01** | Surat Sunawarshi Kalopatre 120 meter | **18,76,421.72/-** | **45,000 /-** | **1000 /-** |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183, Email: **sunawarshimun@gmail.com**
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents by hard copy from office of sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138 & SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178**
4. A complete Set of Bidding Documents May be purchased from the Office Of sunawarshi Municipality Dainiya Morang by hard copy from Office of sunawarshi Minicipality, Dianiya, Morang. Bidders, submitting their bid as hard copy, should deposit the cost (non-refundable fee of Nrs 1000/- on or Before 2083/06/29 (15th of Oct. 2026) during office hours.)
5. Bids must be submitted to the office of the sunawarshi municipality by hard copy on before 12:00 noon on 2083/06/30 (16th of Oct. 2026).. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on 2083/06/30 (16th of Oct. 2026), 14:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९२३०० | प्रति तोला – ० | प्रति तोला – ४४२५ |



**पोखरामा पर्यटक** | पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक प्रस्थानतर्फ बिहीबार लामबद्ध आन्तरिक तथा बिदेशी यात्रु ।
*तस्बिर : राधिका कँडेल/रासस*

## ऊर्जा प्रणाली विविधीकरण र लगानीमैत्री नियमनमा जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले ऊर्जामा आधारित अर्थतन्त्र निर्माणलाई राष्ट्रिय प्राथमिकतामा राखिएकाले विद्युत् क्षेत्रको नियामकीय निकायले लगानीकर्ता, उपभोक्ता र अन्य सरोकारवालाको विश्वास जित्नेगरी काम गर्नुपर्ने बताएका छन् ।

विद्युत् नियमन आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका काम समेटिएको वार्षिक प्रतिवेदन बुझ्ने क्रममा मन्त्री श्रेष्ठले नियामकीय निर्णय र नीति निर्माणमा बजारको आवश्यकता तथा सरोकारवालाको चासोलाई ध्यान दिनुपर्ने बताए ।

मन्त्री श्रेष्ठसमक्ष आयोगका अध्यक्ष डा रामप्रसाद धितालले वार्षिक प्रतिवेदन हस्तान्तरण गरे । त्यस क्रममा मन्त्री श्रेष्ठले पछिल्ला विपदका घटनाले नेपालको ऊर्जा प्रणालीको विविधीकरणबारे नयाँ ढंगले सोच्नुपर्ने अवस्था सिर्जना भएको बताए ।

ऊर्जा मिश्रणलाई विविधीकरण गर्दै ऊर्जा सुरक्षालाई बलियो बनाउनुपर्ने उनको भनाइ थियो । आयोगले नियामकीय व्यवस्था तयार गर्दा लगानीकर्तासहित सरोकारवालासँग पर्याप्त समन्वय गर्नुपर्नेमा उनले जोड दिए । ऊर्जा क्षेत्रमा ठूलो लगानी आवश्यक रहेको अवस्थामा स्पष्ट, अनुमानयोग्य र विश्वासिलो नियामकीय वातावरणले मात्रै लगानी आकर्षित गर्न सक्ने उनको धारणा थियो ।

आयोगको वार्षिक प्रतिवेदनमा विद्युत् क्षेत्रको बदलिँदो आवश्यकता, बजार विकास, लगानी वातावरण र उपभोक्ता हितलाई ध्यानमा राखेर विभिन्न नियामकीय उपकरण निर्माण तथा कार्यान्वयन गरिएको उल्लेख छ । आयोगले एक वर्षको अवधिमा विवाद समाधानसम्बन्धी विनियमावली, २०८२, विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुला पहुँचसम्बन्धी निर्देशिका, २०८२, जलाशययुक्त विद्युत् केन्द्रको विद्युत् खरिद-बिक्री दरसम्बन्धी निर्देशिका, २०८२ तथा उपभोक्ता विद्युत् महसुल दर निर्धारणसम्बन्धी निर्देशिका, २०८३ जारी गरेको छ ।

यसैगरी, खुला पहुँचसम्बन्धी व्यवस्थाले विद्युत् प्रसारण तथा वितरण प्रणाली प्रयोग गर्ने योग्यता, आवेदन र स्वीकृति प्रक्रिया, प्राथमिकता तथा दस्तुरसम्बन्धी विषयलाई स्पष्ट बनाएको छ । यसले उत्पादनकर्ता, विद्युत् व्यापारी तथा ठूला उपभोक्तालाई विद्यमान प्रणालीमार्फत विद्युत् कारोबार गर्न थप व्यवस्थित आधार तयार गरेको छ । जलाशययुक्त आयोजनाबाट उत्पादित विद्युत्को खरिद-बिक्रीलाई व्यवस्थित गर्न छुट्टै नियामकीय व्यवस्था गरिएको छ ।

आयोगले उपभोक्ता विद्युत् महसुल निर्धारणसम्बन्धी निर्देशिका, २०७६, विद्युत् अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्तसम्बन्धी विनियमावली, २०७६ तथा विद्युत् कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृतिसम्बन्धी निर्देशिका, २०७८ को पुनरावलोकन र परिमार्जनसमेत अघि बढाएको छ । नियामकीय निर्णयलाई अध्ययन र तथ्यमा आधारित बनाउन आयोगले विद्युत्को लागत तथा महसुल संरचना, उपभोक्ता महसुल, जलविद्युत् सञ्चालनलागत र उत्पादन लागतसम्बन्धी अध्ययन अघि बढाएको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, आयोगले लामो समयदेखि विवादित 'डेडिकेटेड फिडर' तथा 'ट्रंक लाइन' सम्बन्धी विद्युत् महसुलका दुई विवादमा निर्णय गरेको विषय प्रतिवेदनमा उल्लेख छ । वार्षिक प्रतिवेदनमा आयोगले आर्थिक वर्ष २०८३/८४ का लागि आफ्नो कार्यसम्पादनलाई मुख्यतः तीन रणनीतिक प्राथमिकतामा केन्द्रित गर्ने भएको छ । पहिलो, संस्थागत सुदृढीकरण, दोस्रो, नियामकीय व्यवस्थाको विस्तार तथा सबलीकरण र तेस्रो, विद्युत् क्षेत्रको पुनःसंरचनाका लागि नियामकीय सहजीकरण रहेका छन् ।

विद्युत् उत्पादन, प्रसारण, व्यापार तथा वितरण क्षेत्रको संरचनागत विकास र पुनःसंरचनालाई स्पष्ट नियामकीय सिद्धान्त, मापदण्ड र संस्थागत संयन्त्रमार्फत व्यवस्थित तथा पारदर्शी बनाउन आफ्नो क्षेत्राधिकारभित्र आवश्यक सहजीकरण गर्ने आयोगले जनाएको छ ।

त्यस्तै, आन्तरिक विद्युत् खपत वृद्धि, ऊर्जा सुरक्षा, विद्युत् बजारको विकास, लगानीको सुरक्षा तथा उपभोक्ताको हकहित संरक्षणलाई केन्द्रमा राखेर नियामकीय काम अघि बढाइनेछ । बाढीबाट विद्युत् पूर्वाधारमा भएको क्षतिलाई समेत आयोगले आगामी नियामकीय कार्यमा समेट्ने भएको छ । प्रसारण तथा उत्पादन पूर्वाधारमा परेको असरले विद्युत् प्रणालीको विपद् प्रतिरोधी क्षमता र उत्थानशीलता बलियो बनाउनुपर्ने आवश्यकता देखाएको आयोगको निष्कर्ष छ ।

## बुटवल उद्योग वाणिज्य संघ अध्यक्षमा पौडेल प्यानलको उम्मेदवार घोषणा

■ प्रभाव संवाददाता

**बुटवल–** बुटवल उद्योग वाणिज्य संघमा निर्वाचनको माहोल तातेको छ । यहि असोज २६ गते हुने निर्वाचनमा तीन जनाको अध्यक्ष पदमा चर्चा चलेकै वेला व्यवसायी नरिश्वर शर्मा पौडेलले बुटवल उद्योग वाणिज्य संघको अध्यक्ष पदमा प्यानल सहित उम्मेदवार घोषणा गरेका छन् ।

बुटवलमा पत्रकार सम्मेलन गर्दै पौडेलले व्यवसायीका समस्या समाधान, संघको संस्थागत सुदृढीकरण, रोजगार, औद्योगिक क्षेत्रको व्यवस्थापन तथा निजी क्षेत्रको हितलाई प्राथमिकतामा राखेर प्यानलसहित आफू अध्यक्ष पदमा उम्मेदवार बनेको घोषणा गरे ।

अध्यक्षका दावेदार नरिश्वर पौडेल संघका पूर्व वाणिज्य उपाध्यक्ष तथा बुटवल उपमहानगरपालिका वडा नम्बर -४ का वडाध्यक्षसमेत हुन् । उनले पछिल्लो समय सुस्ताउँदै गएको बुटवलको बजारलाई पुनः चलायमान बनाउँदै बुटवललाई आर्थिक शहरका रूपमा विकास गर्ने योजना रहेको बताए । व्यावसायिक क्षेत्रमा लामो यात्रा पार गरेको पौडेल आफ्नो व्यवसायिक अनुभव र रोजगारी सिर्जनालाई संघको नेतृत्वमा समेत जोड्ने बताउँदै पौडेलले उद्योगी-व्यवसायीका समस्या समाधानका लागि प्रभावकारी जोडदिने बताए । उनले विभिन्न क्षेत्र र समुदायलाई समेटेर समावेसी टिमसहित चुनावी मैदानमा उम्मेदवारी दिएका छन् ।

पौडेल नेतृत्वको प्यानलको बरिस्ठ उपाध्यक्षमा हालका बरिस्ठ उपाध्यक्ष सुरज भट्टराई रहेका छन् । उद्योग उपाध्यक्षमा निर्मित कसजू, वाणिज्य उपाध्यक्षमा बाबुराम विश्वकर्मा, महासचिवमा बसन्तप्रसाद ढकाल, कोषाध्यक्षमा प्रतिक पोखरेल, सचिवमा दीपकप्रसाद चापागाईं र सहकोषाध्यक्षमा कमला पोखरेल पराजुली (मञ्जु) उम्मेदवार रहेका छन् ।

त्यस्तै, एसोसिएट सदस्यतर्फ भानुभक्त खत्री, उद्योग सदस्यमा सुनिता बन्जाडे, कृष्णप्रसाद पाण्डे, ज्ञानबहादुर पुन र लेखनाथ भण्डारी रहेका छन् ।

वाणिज्य सदस्यतर्फ गणेशप्रसाद भट्टराई, उमेश अमात्य, जगन्नाथ न्यौपाने र रामबहादुर भण्डारी रहेका छन्। महिला सदस्यमा रेनु श्रेष्ठ र मञ्जु पुरी तथा खुला सदस्यतर्फ विष्णु घिमिरे पन्त (कमला), दीपक घिमिरे, प्रदीप शाक्य, अलिम दिन, कृष्ण श्रेष्ठ, शिवदेव अर्याल र विष्णु उपाध्याय उम्मेदवार रहेका छन् ।

उता अध्यक्ष पदमा टंकप्रसाद गैरे र दिनेश प्रसाद श्रेष्ठले पनि उम्मेदवार बन्ने घोषणा गरेका छन् ।

संघको ७३औं वार्षिक साधारणसभा तथा २६औं अधिवेशन आगामी असोज २३ गतेदेखि सुरु हुँदैछ । अधिवेशनबाट नयाँ नेतृत्व चयन हुनेछ । पौडेलले अध्यक्षमा उम्मेदवारी घोषणा गरेसँगै बुटवल उद्योग वाणिज्य संघको चुनावी माहोल एकाएक तातेको छ ।

## 'अनलाइन'बाट बिल तिर्नेलाई विशेष सुविधा

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले बिजुलीको बिल 'अनलाइन'बाट तिर्ने ग्राहकलाई थप सुविधा दिने निर्णय गरेको छ । विद्युत् प्राधिकरण सञ्चालक समिति सदस्य अंशुकिरण शाहीका अनुसार 'डिजिटल' माध्यमबाट विद्युत् महसुल तिर्ने अभ्यासलाई प्रोत्साहित गर्न उपभोक्तालाई थप सुविधा दिने निर्णय भएको हो ।

विद्युत् प्राधिकरणले घरेलु उपभोक्ताहरूका लागि 'स्मार्ट पे रिवार्ड' कार्यक्रम ल्याएको छ । यसअन्तर्गत अब अनलाइनमार्फत विद्युत् महसुल भुक्तानी गर्दा विद्यमान दुई प्रतिशत छुट सुविधासँगै थप शून्य दशमलव पाँच प्रतिशत स्मार्ट पे रिवार्ड प्राप्त गर्न सकिने सञ्चालक समिति सदस्य शाहीले बताए ।

उनका अनुसार अब डिजिटल भुक्तानी गर्ने ग्राहकले कुल दुई दशमलव पाँच प्रतिशत छुट प्राप्त गर्नेछन् । पहिलो चरणमा छ महिनाका लागि ल्याइएको यस कार्यक्रमले डिजिटल भुक्तानीलाई अझ सहज र प्रोत्साहनमूलक बनाउने उनको भनाइ छ । प्राधिकरणले सहज अनलाइन भुक्तानीबाट समयको बचतका साथै थप सुविधाको लाभ हुने भन्दै विद्युत् महसुल अनलाइनबाट तिरेर थप सुविधाको लाभ लिन आह्वान गरेको छ ।

यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले डिजिटल माध्यमबाट विद्युत् महसुल तिर्न अपिल गरेका छन् । अहिलेको डिजिटल युगमा अझै पनि ७३ प्रतिशत नागरिकले भौतिक रूपमा 'काउन्टर'मा गएर महसुस तिर्ने गरेको तथ्यांक प्रस्तुत गर्दै मन्त्री श्रेष्ठले यो अवस्थालाई सबै मिलेर परिवर्तन गर्नुपर्नेमा जोड दिएका हुन् । यसका लागि सचेत नागरिकको सहयोगको खाँचो रहेको उनले बताएका छन् ।

डिजिटल भुक्तानीले नागरिकको समय र आवतजावतको खर्च बचत हुने, नगद कारोबार घट्दा वित्तीय पारदर्शिता र सुरक्षा बढ्ने मन्त्री श्रेष्ठको भनाइ छ । साथै, काउन्टर सञ्चालनमा लाग्ने स्रोत र जनशक्तिलाई अन्य आवश्यक ग्राहक सेवामा सदुपयोग गर्न सकिने उनले धारणा राखे ।

मन्त्री श्रेष्ठका अनुसार विद्युत् महसुल तिर्ने करिब ७३ प्रतिशत नागरिक भौतिक रूपमा काउन्टरमा पुग्छन् । भौतिक रूपमा आउने नागरिकका लागि सञ्चालित महसुल संकलन काउन्टरको खर्च मात्रै वार्षिक करिब रु ५९ करोड ७९ लाख रहेको जनाउँदै उनले डिजिटल भुक्तानीबाट उक्त खर्च बचत हुने र उक्त जनशक्तिलाई अन्य काममा लगाउन सकिने बताए ।

'नेपाल विद्युत् प्राधिकरणका १२ ९ वितरण केन्द्रअन्तर्गतका प्रशाखामा हाल ६५५ वटा महसुल संकलन काउन्टर सञ्चालनमा छन् । यी काउन्टर सञ्चालनमा मात्र वार्षिक करिब रु ५९ करोड ७९ लाख खर्च हुन्छ, अर्थात् मासिक करिब रु पाँच करोड', उनले सामाजिक सञ्जाल फेसबुकमार्फत भनेका छन्, 'अझै पनि ठूलो संख्यामा नागरिक काउन्टरमै पुग्नुपर्ने अवस्थालाई अब हामी सबै मिलेर परिवर्तन गर्न सक्छौं । डिजिटल भुक्तानी गर्दा नागरिकको समय र आवतजावतको खर्च बचत हुन्छ । नगद कारोबार घट्दा वित्तीय पारदर्शिता र सुरक्षा बढ्छ । साथै, काउन्टर सञ्चालनमा लाग्ने स्रोत र जनशक्तिलाई अन्य आवश्यक ग्राहक सेवामा सदुपयोग गर्न सकिन्छ ।'

आफ्नो परिवार, इष्टमित्र, छरछिमेकी तथा आफूले चिनेका नागरिकलाई डिजिटल भुक्तानीबारे जानकारी दिन, सिकाउन प्रोत्साहित गर्न मन्त्री श्रेष्ठले अपिल गरेका हुन् । उनले सम्भव भएसम्म आजैदेखि डिजिटल माध्यमबाट विद्युत् महसुल तिर्न सहयोग गर्न पनि अपिल गरेका छन् ।

'विशेषगरी डिजिटल भुक्तानी गर्न नजान्ने बुबाआमा, ज्येष्ठ नागरिक तथा आफन्तलाई एकपटक सिकाइदिनुहोस् । तपाईंले दिएको केही मिनेटको समयले उहाँहरूको हरेक महिनाको समय बचाउन सक्छ', उनले भने, 'यो केवल डिजिटल भुक्तानी बढाउने अभियान होइन । यो नागरिकको समय बचाउने, सेवा सहज बनाउने, वित्तीय पारदर्शिता बढाउने र सार्वजनिक स्रोतको अझ प्रभावकारी सदुपयोग गर्ने साझा अभियान हो ।'

## दार्चुलाको मार्मामा एनसेलको नयाँ टावरसहित फोरजी सेवा सञ्चालनमा

**काठमाडौं (प्रस)-** एनसेलले सुदूरपश्चिम प्रदेश, दार्चुला जिल्लाको मार्मा गाउँपालिकामा नयाँ मोबाइल टावर जडान गरी फोरजीलगायतका दूरसञ्चार सेवाहरू प्रदान गर्न थालेको छ । यो टावरको सञ्चालन पश्चात मार्माको लट्टिनाथ क्षेत्रका स्थानीय बासिन्दाहरूले दूरसञ्चार सेवाको पहुँचबाट प्रत्यक्ष लाभ लिन थालेका छन् ।

स्थानियहरूको सञ्चार सेवाको आवश्यकतालाई मध्यनजर गर्दै एनसेलले यो टावर जडान गरेको हो । स्थानीय बासिन्दा मात्र होइन, अपि हिमाल आरोहण तथा उक्त क्षेत्रमा पदयात्रा र अन्य पर्यटकीय गतिविधिमा संलग्न हुने पर्यटकहरूका लागि पनि यसले सञ्चार सेवा थप भरपर्दो बनाउने कम्पनीले जनाएको छ ।

Ncell

'यो टावरको जडान र सञ्चालनसँगै हामीले फोरजी सेवाको पहुँच अझै बढाउँदै यसको फाइदा त्यहाँका स्थानियका साथै पर्यटकहरूलाई दिन सफल भएका छौं । यो हामी आम उपभोक्तालाई सुगमदेखि दुर्गमसम्म सेवा प्रदान गर्न सधैं कटिवद्ध रहेको एक स्पष्ट प्रमाण हो,' एनसेलकी हेड अफ नेटवर्क लेना केसरी कंसाकारले भनिन् ।

हाल एनसेलले देशभर ४ हजार ५०० भन्दा बढि टावरमार्फत टुजी, थ्रीजी र फोरजी सेवा उपलब्ध गराउँदै आएको छ । कम्पनीले गुणस्तरीय फोरजी सेवा विस्तारलाई प्राथमिकता दिइरहेको अवस्थामा मार्मामा जडान गरिएको यो नयाँ टावरले टुजी र फोरजी प्रविधिमा आधारित दूरसञ्चार सेवा प्रदान गर्नेछ । यसबाट दुर्गम हिमाली क्षेत्रका बासिन्दाको सञ्चार पहुँचमा सुधार आउने र पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ